का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० साउन २०७९,
सोमबार
15 August 2022,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १९१ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

## विधेयक फिर्ता भएकोमा एमाले सकारात्मक

प्रमुख विपक्षी नेकपा एमालेले नागरिकता विधेयक फिर्ता गर्ने राष्ट्रपतिको कदमलाई सकारात्मक भनेको छ । अब फेरि बहुमतको बलमा अगाडि बढाउन खोजिए प्रतिवाद गर्ने एमालेको चेतावनी छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २९ साउन ।

राष्ट्रपतिले नागरिकता विधेयक फिर्ता गरेपछि राजनीतिक महोल गरमराएको छ । यही बेला प्रमुख विपक्षी नेकपा एमालेले भने नागरिकता विधेयक फिर्ता गर्ने राष्ट्रपतिको कदमलाई सकारात्मक भनेको छ । अब फेरि बहुमतको बलमा अगाडि बढाउन खोजिए प्रतिवाद गर्ने एमालेको चतावनी छ ।



हामीले नागरिकता विधेयकमा अपुग विषयहरु थपौं, देशको भविष्यलाई पनि ख्याल गरौं भन्यौं । तर, बहुमतको बलमा जबरजस्ती अगाडि बाइएको थियो । अहिले सम्मानीय राष्ट्रपतिले हाम्रो परामर्शमा त लिनुभएको होइन, तर विधेयक फिर्ता पठाएर जे गर्नुभयो, जनताको भावना अनुसार गर्नुभएको छ ।

**विशाल भट्टराई**
**प्रमुख सचेतक**
**नेकपा एमाले**

'हामीले नागरिकता विधेयकमा अपुग विषयहरु थपौं, देशको भविष्यलाई पनि ख्याल गरौं भन्यौं । तर, बहुमतको बलमा जबर जस्ती अगाडि बाइएको थियो' विधेयक फिर्तापछि एमाले प्रमुख सचेतक विशाल भट्टराई भन्छन्, 'सम्माननीय राष्ट्रपतिले हाम्रो परामर्शमा त लिनुभएको होइन, तर राष्ट्रपतिले विधेयक फिर्ता पठाएर जे गर्नुभयो, जनताको भावना अनुसार गर्नुभएको छ ।'

प्रतिनिधिसभा र राष्ट्रिय सभाले जन्मका आधारमा नेपाली नागरिकता पाएकाहरुका सन्तानले वंशजको नागरिकता पाउने र आमाको नामबाट नागरिकता लिन पाउने व्यवस्थासहित नागरिकता विधेयक पारित गरेर राष्ट्रपतिसमक्ष पठाएको थियो । एमालेले वैवाहिक अंगीकृत नानगरिकता बिबाह लगत्तै पाउने व्यवस्था राख्न नहुने मत राखेको थियो । तर, नागरिकता विधेयक पास गर्ने क्रममा नै आफूहरुले संशोधन हालेर वैवाहिक अंगीकृत नागरिकतामा ७ वर्षे

– बाँकी पृष्ठ २ मा

# राष्ट्रपतिबाट नागरिकता विधेयक फिर्ता
# के हुन्छ अबको प्रक्रिया ?

राष्ट्रपतिले फिर्ता गरेको नागरिकता विधेयक दलहरु, सरकार र सत्तारुढ गठबन्धनले चाहेको खण्डमा तुरुन्तै संघीय संसदबाट पारित भएर अगाडि बढ्न सक्छ । संसद तयार नभए यो विधेयक चुनाव पछिको संसदको विजनेश बन्न पुग्न सक्छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २९ साउन ।

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालनागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक पुर्नबिचारका लागि संसदमै फिर्ता पठाएकी छन् । राष्ट्रपति भण्डारीले संविधानअनुसार नै विधेयक फिर्ता गर्ने अधिकारको प्रयोग गरेकी हुन् ।

राष्ट्रपति कार्यालयद्वारा आइतबार साँझ जारी विज्ञप्तिमा भनिएको छ, 'राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू समक्ष प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यूबाट प्रमाणित भई नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरणका लागि पेश हुन आएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमा नेपालको संविधान बमोजिम नागरिकता प्राप्ति सम्बन्धी विषयमा संघीय संसदबाट पुनर्विचार हुन आवश्यक देखिएकाले नेपालको संविधानको धारा ११३ को उपधारा (३) बमोजिम सन्देश सहित यो विधेयक सम्माननीय राष्ट्रपतिज्यूले प्रतिनिधि सभामा फिर्ता पठाउनु भएको छ ।'

राष्ट्रपतिले पुर्नबिचार गरेको नागरिकता विधेयक दलहरु, सरकार र सत्तारुढ गठबन्धनले चाहेको खण्डमा तुरुन्तै संघीय संसदबाट पारित भएर अगाडि बढ्न सक्छ । संसद तयार नभए यो विधेयक चुनावपछिको संसदको विजनेश बन्नपुग्न सक्छ ।

राजनीतिक दलहरुका बीचमा सहमति हुँदा, सरकार र सत्तारुढ गठबन्धनले चाहँदा केही दिनभित्रै विधेयक पारित हुन सक्छ । अर्थात, राष्ट्रपतिले फिर्ता गरेको नागरिकता विधेयक फेरि छिट्टै राष्ट्रपति कहाँ पुग्न सक्छ । तर, फिर्ता गर्दा राष्ट्रपतिले दिएको कारण (संदेश) भने विधेयकले सम्बोधन गर्ने



संवैधानिक विश्वास हुन्छ ।

सत्तारुढ गठबन्धनले चाहेको खण्डमा केही दिन वा सातामै नागरिकता विधेयक दुबै सदनबाट प्रमाणीकरण भएर पुनः प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पुग्न सक्छ । यसको उदाहरण र नजिर यही नागरिकता विधेयक हो । राष्ट्रपतिले फिर्ता गरेको विधेयक फास्ट ट्र्याकमै पारित भएको थियो । जसका लागि तीन साता समय लागेको देखिन्छ ।

२३ असार २०७९ मा प्रतिनिधिसभामा गृहमन्त्री बालकृष्ण खाडले पेश गरेको नागरिकता विधेयक साउन ६ गते प्रतिनिधिसभाबाट पारित भएको थियो । प्रतिनिधिसभाबाट पारित भएर गएको नागरिकता विधेयक साउन १२ गते राष्ट्रिय सभाबाट पारित भयो । दुबै सदनबाट पारित भएपछि सभामुख अग्निप्रसाद सापकोटाले साउन १५ गते प्रमाणित गरी प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पठाएका थिए । यो विधेयकले संसदीय प्रक्रिया २४ दिनमा पुरा गरेको देखिन्छ ।

राष्ट्रपतिले फिर्ता गरेको यो विधेयकलाई फेरि पनि सत्तारुढ गठबन्धनले फास्ट ट्र्याकमै नागरिकता विधेयक पास गर्न चाहेको खण्डमा तीन सातामै राष्ट्रपतिकहाँ पुऱ्याउन सक्छ । अथवा प्रतिनिधिसभा नियमावलीका व्यवस्थाहरु निलम्बन गरेर अगावै पनि पुनः राष्ट्रपतिकहाँ विधेयक प्रमाणीकारणका लागि पठाउन सक्छ । यो सत्तारुढ गठबन्धन र सरकारको चाहनामा भर पर्छ । संसदीय प्रक्रियाअनुसार राष्ट्रपति फिर्ता पठाएको

– बाँकी पृष्ठ २ मा

## राष्ट्रपतिको निर्णय अस्वभाविक : कांग्रेस

सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेसले राष्ट्रपतिले नागरिकता विधेयक फिर्ता पठाउनुलाई अस्वभाविक भनेको छ । राष्ट्रपतिको कदम राजनीतिक पूर्वाग्रहबाट प्रेरित रहेको कांग्रेस नेताहरुको प्रतिक्रिया छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २९ साउन ।

राष्ट्रपतिले नागरिकता विधेयक फिर्ता पठाएपछि सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेस झस्किएको छ । कांग्रेस नेताहरुले राष्ट्रपतिले नागरिकता विधेयक फिर्ता पठाउनुलाई अस्वभाविक भनेका छन् । राष्ट्रपतिको कदम राजनीतिक पूर्वाग्रहबाट प्रेरित रहेको कांग्रेस नेताहरुको प्रतिक्रिया छ ।

नेपाली कांग्रेस संसदीय दलका सचेतक मीन विश्वकर्माले विधेयक भन्छन्, 'यो कदम उचित हुँदै होइन । सामान्यतया राष्ट्रपतिले दुवै सदनबाट पारित भएर आएको विधेयकलाई रोक्नु नै गलत छ ।'

कांग्रेसकी प्रमुख सचेतक चित्रलेखा यादवले त दुवै सदनबाट अनुमोदन भएको नागरिकता विधेयक राष्ट्रपति विद्यादेवी भण्डारीले फिर्ता पठाउनु दुःखद भएको बताउँछिन् । उनी भन्छिन्, 'राष्ट्रपतिको कदम अस्वाभाविक, अदूरदर्शी र विवेकहीन छ ।'

नागरिकता विधेयकमा दलहरुका बीचमा रहेको मुख्य विवाद हो- वैवाहिक अंगीकृत नागरिकता छ । हाल बिबाह गरेर आउ लगत्तै नागरिकता विधेयक प्राप्तीको प्रक्रिया अगाडि बढाउन सकिन्छ । यो व्यवस्था २०६३ सालदेखि नै छ । तर, यसलाई बदल्नुपर्ने नेकपा एमाले लगायतका दलहरुको



दुवै सदनबाट अनुमोदन भएको नागरिकता विधेयक राष्ट्रपति विद्यादेवी भण्डारीले फिर्ता पठाउनु दुःखद छ । राष्ट्रपतिको कदम अस्वाभाविक, अदूरदर्शी र विवेकहीन छ ।

**चित्रलेखा यादव**
**प्रमुख सचेतक**
**नेपाली कांग्रेस**

प्रस्ताव रहँदै आएको छ । तर, नेपाली कांग्रेस अहिलेको व्यवस्थालाई निरन्तरता दिन चाहन्छ । यही कुरा कांग्रेसले प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा पनि राखेको थियो । सरकारले नै यसअघि फिर्ता लिएको नागरिकता विधेयकमा ७ बर्ष पछि मात्रै बैबाहिक अंगीकृत नागरिकता लिन सक्ने प्रावधान राज्य व्यवस्था समितिले राखेको

– बाँकी पृष्ठ २ मा

## माओवादीसँगै बाबुरामको सहकार्य
# घुमिफिरी रुम्जाटार

पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई आगामी चुनावमा नेकपा माओवादी केन्द्रकै चुनाव चिन्हबाट लड्ने भएका छन् । राजनीतिक कोर्स नफेरिए बाबुरामले सात वर्षपछि फेरि पुरानै घर माओवादी केन्द्रको झण्डा बोकेर चुनावी मैदानमा हुनेछन् ।



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २९ साउन ।

जनता समाजवादी पार्टी (जसपा) बाट अलग भएर नेपाल समाजवादी पार्टी गठन गरेका पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई फेरि नेकपा माओवादी केन्द्रकै चुनाव चिन्ह लिन तयार भएका छन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग केही पटक भएको भेटवार्तापछि डा.भट्टराई माओवादी केन्द्रको चुनाव चिन्ह गोलाकारभित्रको हसिया हटौंथाबाट चुनाव लड्न सहमत भएका हुन् ।

जसपाका अध्यक्ष उपेन्द्र यादवसँग मतभेद बढ्दै गएपछि अलग्गै पार्टी बनाउन पुगेका थिए । अर्का नेता महिन्द्रराय यादवसँग संयुक्त अध्यक्ष रहेर नेपाल समाजवादी पार्टी गठन गरेपनि भट्टराई माओवादी केन्द्रसँग चुनावी सहकाय गर्न राजी भए ।

२०७२ को संविधान जारी भएको ६ दिनपछि ९ असोज ०७२ मा भट्टराईले माओवादी छोडेका थिए । माओवादी केन्द्रको औचित्यमाथि प्रश्न उठाएर भट्टराईले नयाँ शक्ति पार्टी गठन गरे । विभिन्न क्षेत्रका दिग्गज व्यक्ति सामेल गराएर गठन भएको नयाँ शक्ति पार्टीले २०७४ को चुनावमा देब्रे आँखा चिन्ह लिएर चुनाव लडेका थिए ।

तर स्थानीय चुनावमा खासै राम्रो नतिजा ल्याउन सकेनन् । त्यसै वर्ष भएको प्रदेश र प्रतिनिधिसभा चुनावमा पनि अपेक्षित मत आउन सकेन । गोरखा-२ बाट भट्टराई चुनाव जित्ने एक्ला सांसद भए । माओवादी केन्द्र छोडेको धेरै नभएको भट्टराईले कांग्रेससँग सहकार्य गरे । कांग्रेसकै समर्थनमा भट्टराई संघको चुनाव जितेपनि उपेन्द्र यादवसँग सहकार्य गर्न पुगे ।

एमाले छोडेर अलग्गै दल गठन गरेका अशोक राईसँग एकता गरेका उपेन्द्रसँग बाबुरामले २०७६ मा पार्टी एकता गर्दै समाजवादी पार्टी, नेपाल बनाए । समाजवादी पार्टी फेरि मधेश केन्द्रीत अर्को दल राष्ट्रिय जनता पार्टी (राजपा)सँग एकता भयो । त्यो पार्टी वर्षदिन नपुग्दै विभाजित भयो, महिन्द्र राय यादव सहित केही नेताहरु बाहेकले राजपा पक्षधर नेताहरुले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बनाए ।

तर पनि बाबुराम र उपेन्द्रबीचको विवाद हल भएन । बाबुरामले महिन्द्र रायसँग मिलेर नयाँ दल गठन गरे । लगत्तै, चुनावी सहकार्य भन्दै बाबुराम माओवादीसँग नजिक हुन पुगेका छन् ।

## पुनः एकीकरण कार्यक्रममा मन्त्रालय गम्भीर हुनुपर्नेमा जोड
## व्यवसायीक वातावरण बनाउन आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ साउन ।

वैदेशिक रोजगारबाट फर्किएका युवा उद्यमीहरूले सरकारले प्रयाप्त आर्थिक तथा प्रशासनिक सहयोग नदिँदा स्वदेशमा व्यवसाय गर्न कठिनाइ रहेको बताएका छन् ।

वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको लागि पुनःएकीकरण कार्यक्रम निर्देशिका कार्यान्वयनबारे वैदेशिक रोजगार बोर्डले आइतबार राजधानीमा आयोजना गरेको एक दिने गोष्ठीमा उनीहरूले गुनासो गरेका हुन् ।

करिब तीन वर्षको गृहकार्य पछि मन्त्रिपरिषद्को गत असार ३१ गतेको बैठकले उक्त निर्देशिका जारी गरेको हो । निर्देशिका जारी भएपछि कोभिडका कारण रोजगारी गुमाएका अथवा अन्य समस्याका कारण फर्किएका कामदारलाई समाजमा पुनःएकीकरण गर्न सहज भएको बोर्डको भनाइ छ ।

कार्यक्रममा वैदेशिक रोजगारीका क्रममा दक्षिण कोरियामा ६ वर्ष काम गरेर स्वदेश फर्किएका बारा निजगढका मनोज भारती, १६ वर्ष यूएईमा काम गरेर फर्केका संखुवासभाका तीर्थराज निरौंला, यूएई र कतार काम गरे स्वदेश फर्किएका सिन्धुपाल्चोक इन्द्रवती गाउँपालिकाका रविन ठाकुरीले वैदेशिक रोजगारी पछि स्वदेशमा व्यवसाय सञ्चालनबारे आ-आफ्ना अनुभव सुनाएका थिए । उनीहरू तीनै जना मन्त्रालयले केही महिना अघि राष्ट्रिय उद्यमी पुरस्कारबाट सम्मानित व्यवसायी हुन् ।

कोरियामा खेलकुदका सामग्री निर्माण गर्ने 'स्पोर्ट कोरिया' कम्पनीमा ६ वर्ष काम गरेका युवा व्यवसायी भारतीले भने, 'कोरियामा सिकेको सीपका आधारमा अहिले स्वदेशमा खेलकुद सम्बन्धी उत्पादन गरिरहेको छु, तर स्वदेशमै केही गर्छु भन्ने युवालाई सरकारले आर्थिक सहयोग गरेन, उत्पादित सामग्रीले बजार नपाउँदा निराशाको अवस्था छ ।' भक्तपुरको सुर्यविनायकमा

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### साउदी राजदूत बोलाएर छलफल गर्ने मन्त्री कुँवरको प्रतिवद्धता

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले रोजगारीका लागि साउदी अरेबिया जाने नेपाली कामदारको भिसा प्रक्रियामा उत्पन्न समस्याबारे साउदी राजदूतलाई बोलाएर छलफल गर्ने आश्वासन दिएका छन् ।

प्रगतिशील वैदेशिक रोजगार व्यावसायी मञ्च नेपालले आइतबार मन्त्री कुँवरलाई भेटी केही समयदेखि नेपालस्थित साउदी अरबको दूतावासले नेपाली कामदारको भिसा जारी गर्न अनेकौं समस्या सिर्जना गरेको तर व्यवसायीहरूका तर्फबाट बारम्बार अनुरोध गर्दा पनि दूतावासले समस्याको समाधानका लागि कुनै पहल नगरेको व्यवसायीको गुनासो सुनाएको थियो । मञ्चका

– बाँकी पृष्ठ २ मा


## UAE मा रोजगार | कम्पनी: AL MABIA HOSPITALITY L.L.C.
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/०४/२९ चलानी नं.: ६०१८५२५६ LT. No.: 269580

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 20 | 10 | सम्बन्धित काममा दक्ष | 800 | २७,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Event Planner | 3 | 0 | | 1200 | ४१,५४४ | | | | | | | |
| 3. | Follow Up Clerk | 3 | 0 | | 1200 | ४१,५४४ | | | | | | | |
| 4. | Housekeeping Supervisor | 4 | 0 | | 1500 | ५१,९३० | | | | | | | |
| 5. | Motorcyclist | 50 | 0 | | 2000 | ६९,२४० | | | | | | | |
| 6. | Waiter/waitress | 5 | 5 | | 1200 | ४१,५४४ | | | | | | | |

फाईनल अन्तर्वाता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ ६ गते (22 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सद्रग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१

**फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.**
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४३६०५७६, ४३५०७१९, ९८१०१०१८१०, ९८१३५१६३२२.
Birtamod Branch :- 023-543784, 9816915286, 9823145954
Email: futurestarmp397@gmail.com

# ९ बुँदे काठमाडौं घोषणापत्र जारी गर्दै सातौं राष्ट्रिय युवा सम्मेलन सम्पन्न

**काठमाडौं/मस–** सातौं राष्ट्रिय युवा सम्मेलन ९ बुँदे काठमाडौं घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

'अन्तरपुस्ता ऐक्यबद्धता : सबै उमेर समुहमैत्री विश्व निर्माणमा साझा प्रतिबद्धता' भन्ने मुख्य नाराका साथ अन्तर्राष्ट्रिय युवा दिवस २०२२ को अवसरमा आयोजित सातौं राष्ट्रिय युवा सम्मेलन सम्पन्न भएको हो ।




कार्यक्रममा राष्ट्रिय युवा परिषद्का उपाध्यक्ष सुरेन्द्र बस्नेतले वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा ४० प्रतिशत भन्दा धेरै युवाहरु निर्वाचित भएकाले आम युवाहरुमा नयाँ आसा पलाएको बताए । अधिकारको आन्दोलमा अगाडि बढ्ने युवावर्गले आफ्नो जिम्मेवारी बोध गर्दै उर्जाशिल शक्ति देश निर्माणमा लगाउनुपर्ने उनको भनाइ थियो ।

संस्थाका सल्लाहकार तथा वातावरणविद् श्याम कृष्ण श्रेष्ठले ज्यानै जोखिममा राखेर वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्दै युवाहरुलाई देशमा बस्ने वातावरण बनाउनुपर्ने बताए ।

टिडिएच जर्मनीका नेपाल प्रतिनिधि मोनी श्रेष्ठले युवा सरोकारका विभिन्न पक्षमा सरकारी निकाय, सामाजिक संघसंस्था, युवाक्लव/सञ्जाल तथा सबै सरोकारवालाहरुसँगको हातेमालोबाट मात्र युवा अभियानले सफल बन्ने बताइन् ।

कार्यक्रमको समापन समारोहमा इन्सेक नेपालका निर्देशक श्रीराम बजगाई, हुरेन्डेक नेपालका अध्यक्ष जजराज शाही, आयोनका महासचिव खिमानन्द देवकोटा सिविस नेपालका प्रतिनिधि लगायतले युवा अधिकार र अभियानका विषयमा आफ्नो भनाइ राखेका थिए ।

दुई दिनसम्म काठमाडौंमा चलेको सम्मेलनको उद्घाटन राष्ट्रिय सभाका अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाले गरेका थिए । कार्यक्रमको पहिलो दिन दिगो विकासको स्थानीयकरण, पर्यटनमा युवाको सम्भावना, राजनीति र युवा नेतृत्व गरि तीन सत्र संचालन गरिएको थियो । गैर सरकारी संस्था महासंघ नेपालका महासचिव अर्जन भट्टराईले संचालन गरेको पहिलो सत्रमा राष्ट्रिय योजना आयोगका उपसचिव यदुनाथ गौतम अतिथी वक्ताका रुपमा रहेका थिए ।

यसैगरी राजनीति र युवा नेतृत्व सम्बन्धी समूहगत छलफलमा अतिथि वक्ताहरु नेपाली कांग्रेसका केन्द्रीय सदस्य नैनसिंह महर, नेकपा एमाले केन्द्रीय कमिटी सदस्य माधव ढुङ्गेल, नेकपा माओवादी केन्द्र पोलिटव्युरो सदस्य रामदीप आचार्य, नेकपा एकीकृत समाजवादीका केन्द्रीय कमिटी सदस्य रमा आले मगरले वर्तमान नेपाली राजनीतिमा देखिएका चुनौती, अवसर तथा सम्भावना विषयमा आफ्नो विचार व्यक्त गरेका थिए ।

'युवा र पर्यटन' विषयक सत्रमा नेपाल पर्यटन बोर्डका व्यवस्थापक सुर्य थपलियाले पर्यटनका विविध आयाम तथा युवाको भूमिकाबारे प्रस्ट पारेका थिए ।

यसैगरी दोस्रो दिन युवा र उद्यमशीलता तथा युवा, जलवायु र जैविक विविधता संरक्षण गरि दुई सत्रमा समूह छलफल भएको थियो । पत्रकार तथा युवा अभियन्ता सोबिता गौतमले संचालन गरेको युवा र उद्यमशीलता सम्बन्धी सत्रमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव कविराज उप्रेती तथा युवा उद्यमी प्रकृति मैनाली अतिथि वक्ताको रुपमा रहेका थिए ।

कार्यक्रममा वातावरणीय अधिकारलाई युवा तथा बालबालिकाको मानवीय अधिकारका रुपमा अगाडि बढाउन स्थानीय तहदेखी राष्ट्रिय स्तरमा बहस तथा पैरवी गर्न राष्ट्रिय संयन्त्र आवश्यक रहेको कार्यक्रम संयोजक अमृत देवकोटाले बताए ।

इन्सेकका निर्देशक श्रीराम चौलागाईले संचालन गरेका सत्रमा राष्ट्रिय बालअधिकार परिषद्का पूर्व कार्यकारी निर्देशक तथा बाल अधिकार विज्ञ मिलनराज धरेल, एनएसिजीका सह-अध्यक्ष किरण थापा, बाल अधिकार विज्ञ विष्णु खत्री लगायतले बालबालिका तथा युवाको वातावरणीय अधिकार सम्बन्धी विषयमा आफ्नो धारणा राखेका थिए ।

दिगो विकासका लागि राष्ट्रिय युवा संजाल, नेपालको आयोजना, राष्ट्रिय युवा परिषद्, नेपाल पर्यटन बोर्ड र गैर सरकारी संस्था महासंघसँगको समन्वय तथा टिडि एच जर्मनी, एआईएन स्ट्रोम फाउन्डेसन, गुड सेफर्ड, हुरेन्डेक नेपाल, ग्रामिण विकास संस्था काभ्रे लगायत २० भन्दा धेरै राष्ट्रिय तथा अन्तर्रास्ट्रिय संघ संस्थाहरुसँगको समन्वयमा भएको कार्यक्रममा देशैभरिबाट १०० भन्दा धेरै युवाहरुको सहभागीता रहेको थियो ।

दुईदिने राष्ट्रिय युवा सम्मेलनले युवामैत्री शासकीय प्रणाली स्थापना गर्न माग गर्ने, आगामी संसदीय चुनावमा पचास प्रतिशत युवा उम्मेदवारी कायम गर्न राजनीतिक दल, संसद तथा सरकारसँग पहल गर्ने, सीप प्रवर्द्धन र उद्यमशीलता मैत्री नीति र संरचना स्थानीय तहसम्म विस्तार गर्न माग गर्ने लगायत ९ बुँदे काठमाडौं घोषणापत्र जारी गर्दै राष्ट्रिय युवा परिषद्लाई हस्तान्तरण समेत गरेको छ ।

साथै आगामी दिनहरुमा दिगो विकास र युवाको क्षेत्रमा सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय संघ सस्था सहकार्य गर्दै अगाडि बड्ने र निकट भविस्यमै दक्षिण एसियायी युवा सम्मेलनको तयारीमा सस्था लागेको महासचिव सन्जिप न्यौपानेले जानकारी दिए । दुई दिने सम्मेलनको अध्यक्षता सन्जालका केन्द्रीय अध्यक्ष अमृत देवकोटाले गरेका थिए ।

# चोरी भएर अमेरिका पुगेको टुँडाल र प्रस्तरको शिव मूर्ति नेपाल फिर्ता

**काठमाडौं/मस–** नेपालबाट हराएर अमेरिका पुगेको पुरातात्विक महत्वको काठको कलात्मक सालभञ्जिका टुँडाल र प्रस्तरबाट निर्मित दुई साधुका बीचमा उभिएको शिवको मूर्ति फिर्ता ल्याइएको छ । पुरातात्विक महत्वको टुँडाल काठमाडौं महानगरपालिका-२४ इटुम्बहाल महाविहारको मुख्य ढोकामाथिबाट सन् १९८४-१९८५ मा चोरी भएको पुरातत्व विभागले जनाएको छ । यो १३ औं वा १४ औं शताब्दीमा निर्माण भएको टुँडाल हो । शिवको मूर्ति भने महानगरपालिका-१९ स्थित कङ्केश्वरी मन्दिरबाट सन् १९९५ मा हराएको थियो । यो मूर्ति १० औं वा ११ औं शताब्दीमा बनेको अनुमान गरिएको विभागका महानिर्देशक दामोदर गौतमले जानकारी दिए ।



दुवै मूर्ति अमेरिकाको न्यूयोर्कस्थित मेट्रोपोलिटान म्युजियम अफ आर्टमा उपहारका रूपमा पुगेको खुल्न आएको छ । उक्त सामग्री नेपालको भएको विभागको अनुसन्धानबाट पुष्टि भएको प्रमाण पेश गरेपछि सम्बन्धित संस्थाले आफ्नै खर्चमा नेपाल फिर्ता गरेको हो । अमेरिका र बेलायतमा रहेका यस्तै अन्य मूर्ति पनि फिर्ताको प्रक्रियामा रहेको महानिर्देशक गौतमले जानकारी दिए ।

पुरातत्व विभागले आइतबार आयोजना गरेको कार्यक्रममा ती मूर्ति सार्वजनिक गरिएको छ । सार्वजनिक भएपछि म्युजियमका वरिष्ठ कला विशेषज्ञ जोन गाईले विभागका महानिर्देशकलाई दुवै सामग्री हस्तान्तरण गरेका हुन् । यी सामग्री छाउनीस्थित राष्ट्रिय सङ्ग्रहालयलाई हस्तान्तरण गरिएको छ ।

यसअघि गत असार १० गते प्रस्तरको तारा/पार्वतीको प्राचीन मूर्ति फिर्ता गरिएको भएको थियो । फिर्ता भएको मूर्तिको तौल ८३ किलोग्राम छ । समभङ्ग मुद्रामा उभिएको कलाशैलीको हिसाबले आरम्भिक मध्यकालको, हातमा नालसहितको कमलको फूल लिएको स्वरूपमा नवौं/दशौं शताब्दीतिर बनेको मूर्ति फिर्ता भएको हो ।

यो मूर्ति भक्तपुर नगरपालिका-७ गोलमढी टोलस्थित वीरभद्रेश्वर मन्दिरमा स्थापित थियो । यो मूर्ति सन् १९७६ पछिका वर्षमा चोरी भई विभिन्न माध्यम हुँदै एक दातामार्फत सन् २०१५ मा संयुक्त राज्य अमेरिकाको कनेक्टिकटस्थित याले विश्वविद्यालयको आर्ट ग्यालरीले प्राप्त गरेको पत्ता लागेको विभागले जनाएको छ ।

मूर्तिको उत्पत्तिस्थल नेपाल भएको भनी विभागबाट गरिएको अनुसन्धानका आधारमा पुष्ट्याइँ दिएपछि विश्वविद्यालयको आर्ट ग्यालरी फिर्ता गर्न तयार भएको थियो । मूर्ति फिर्ता गर्ने सम्बन्धमा गत वैशाख २३ गते न्यूयोर्कस्थित नेपाली महावाणिज्यदूतावास र विश्वविद्यालयबीच सहमति पत्रमा हस्ताक्षर भएको थियो । मूर्ति नेपाल ल्याउन बीमा र ढुवानीको खर्चसमेत विश्वविद्यालयले नै व्यवस्था गरेको हो । फिर्ता भएका सम्पदा सुरक्षा, संरक्षण, अनुसन्धानकर्तासम्मको पहुँचका लागि आजै राष्ट्रिय सङ्ग्रहालयलाई हस्तान्तरण गरिएको छ ।

अमेरिकाको सहयोगमा गत जेठ महिनामा चतुर्मुखी शिवलिङ्ग, प्रस्तरको उमामहेश्वरको मूर्ति, प्रस्तरको नागराजको मूर्ति, पद्मपाणि लोकेश्वर अर्थात् बोधिसत्व अवलोकितेश्वर मूर्ति र प्रस्तरको शाक्यमुनिको मूर्ति पनि नेपाल फिर्ता भएको थियो ।

प्रस्तरको चतुर्मुखी शिवलिङ्ग विशेष प्रकारको छ । तीन तहको यो मूर्तिमा ब्रह्मभाग, विष्णुभाग र शङ्करभाग छ । खम्बामाथि बनेको यो मूर्ति सन् १९८० को आसपासमा पशुपति क्षेत्रबाट हराएको थियो ।

प्रस्तरको उमामहेश्वरको मूर्ति ललितपुर महानगरपालिका-११ गा : हिटी टोलमा रहेको थियो । यो मूर्ति सन् १९६० मा हराएको हो । यो मूर्ति १० औं शताब्दीको हो । यो मूर्ति अमेरिकाको डेनभर आर्ट सङ्ग्रहालयको एसिया सङ्कलनमा भेटिएको थियो ।

प्रस्तरको नागराजको मूर्ति १२ औं वा १३ औं शताब्दीको हो । यो मूर्ति राजकीय स्वरूपको मानवाकार छ । यो मूर्ति सन् १९८२ मा नक्साल क्षेत्रबाट हराएको हो । पद्मपाणि लोकेश्वरअर्थात् बोधिसत्व अवलोकितेश्वर मूर्ति सन् १९५० तिर हराएको विभागले जनाएको छ । यो मूर्ति अमेरिकाको एक निजी कम्पनीको सङ्कलनमा रहेको थियो ।

प्रस्तरको शाक्यमुनिको मूर्ति पनि सन् १९५० कै दशकमा हराएको हो । यो मूर्ति पनि अमेरिकाको एक निजी कम्पनीको सङ्कलनमा रहेको थियो । युपिएस कार्गोले यी मूर्ति निःशुल्क फिर्ता गराउन सहयोग गरेको थियो । अमेरिकामा यी सामग्री सङ्ग्रह गरेका निकाय एवं कम्पनीले पनि सहयोग गरेको विभागका महानिर्देशक गौतमले बताए ।

मूर्ति साविककै स्थानमा स्थानान्तरणका लागि अनुरोध भई आएमा प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा २० क को प्रावधानअनुसार गर्न सकिने विभागले जनाएको छ ।

नेपालस्थित अमेरिकी दूतावासका डेपुटी चिफ अफ मिसन म्यानुअल पि मिकालरले नेपालबाट चोरी निकासी भई अमेरिका पुगेका पुरातात्विक महत्वका सामग्री फिर्ता गर्दै जाने नीति रहेको सुनाए । उनले नै मूर्ति विभागका महानिर्देशक गौतमलाई हस्तान्तरण गरेका हुन् ।

## विधेयक..

प्रवधानलाई निरन्तरता दिन खोजे पनि बहुमतले पेलेको एमाले नेताहरुले बताउँदै आएका छन् । अब राष्ट्रपतिले फिर्ता गरेर दिएको सन्देश सत्तागठबन्धनले पालना गर्ने अन्यथा गरी फेरि बहुमतको बलमा नागरिकता विधेयक अगाडि बढाउन खोजे एमालेले प्रतिवाद गर्ने एमाले नेताहरु बताउँदछन् ।

एमाले नेतृत्वको पूर्ववर्ती सरकारले पनि नागरिकता अध्यादेश ल्याएर नागरिकता बिहीनहरुको समस्या समाधान गर्न खोजेको थियो । तर, अध्यादेश ल्याएर नागरिकता जस्तो विषयलाई सम्बोधन गर्न खोजिएको भनी सर्वोच्च अदालतले रोकिदिएको थियो । आफुले ल्याएको विधेयक अनुसार नै विधेयक ल्याएपनि एमालेले थप समृद्ध बनाउन भन्दै बैबाहिक अंगीकृत नागरिकताको विषय उठाएको थियो । हाल बिहे गरेर आएर बिबाह दर्ता गरेपछि नागयिरकता प्राप्तीको प्रक्रिया अगाडि बढाउन सक्छ । तर, यसलाई बदल्नुपर्ने एमालेको प्रस्ताव छ ।

## राष्ट्रपतिबाट...

विधेयक सरकारले अघि बढाउन चाहे त्यसलाई अब फेरि संसदमा पुरानै प्रक्रिया अबलम्बन गर्नुपर्छ ।

सरकारले उक्त विधेयक फेरि प्रतिनिधिसभामा टेबुल गर्नुपर्छ । यसरी टेबुल गरेको विधेयकमा विचार गरियोस् भन्ने प्रस्ताव पारित गर्नुपर्छ । त्यसपछि उक्त विधेयकमा७२ घन्टाको संशोधन हाल्ने समय दिनुपर्छ । त्यसपछि प्रतिनिधिसभाले दफावार छलफलका लागि समितिमा पठाउन पनि सक्छ सभाबाटै टुंग्याउन पनि सक्छ । यो प्रक्रियाबाट प्रतिनिधि सभाबाट पास भएपछि उक्त विधेयक राष्ट्रियसभामा पठाइन्छ । राष्ट्रिय सभाले पनि प्रतिनिधिसभाकै जस्तो प्रक्रिया पूरा गरेपछि सन्देश सहित प्रतिनिधिसभामा आउँछ । राष्ट्रियसभाबाट पारित भएर आएको विधेयकलाई प्रतिनिधिसभाले स्वीकृत गरी प्रमाणीकरण गर्नुपर्ने हुन्छ । फिर्ता भएर पुनःगएको विधेयक फिर्ता पठाउने अधिकार संविधानले राष्ट्रपतिलाई दिएको देखिँदैन् ।

## राष्ट्रपतिको...

थियो । उक्त प्रावधानसहित नागरिकता विधेयक प्रतिनिधिसभाको राज्य व्यवस्था समितिले पारित गर्दा फरक मत राख्दै कांग्रेसले ०६३ अनुसार नै वैवाहिक अंगीकृत नागरिकता जारी गर्ने प्रावधानको पक्षमा आफुलाई उभ्याएको थियो । विगतको आफ्नो फरक मत अनुसार नै कांग्रेस नेतृत्वको वर्तमान सरकारले विधेयक ल्याएपछि कतिपयले अल्पमतको निर्णय लाद्न खोजिएको टिप्पणी गरेका थिए । तर, सत्तागठबन्धनमा रहेका दलहरुले संसदीय प्रक्रियामा अवरोध गरेनन् र कांग्रेसको चाहना अनुसार नै विधेयक पारित भएर राष्ट्रपतिकहाँ पुगेको थियो । तर, राष्ट्रपतिले प्रमाणीकरण नगरेर फिर्ता पठाउने विकल्प रोजेपछि कांग्रेस नेताहरु झस्किएका हुन । सोही अनुसार कांग्रेस नेताहरु प्रस्तुत भइरहेका छन् ।

## पुनः एकीकरण...

बर्गर हाउस सञ्चालन गरेका निरौलाले विदेशबाट सीप सिकेर आएपनि स्वदेशमा केही गर्न अवसर नपाएपछि फेरि विदेशीनुपर्ने बाध्यता रहेको बताए । विदेशमा सिकेको सीप अनुसार नेपालमा स्वरोजगार उद्यमी बन्न मुस्किल रहेको भोगाई सुनाउँदै उनले भने, 'नेपालमा सरकारी नीति, योजना र व्यवहारमा एक रूपता छैन, त्यसले विदेशमा सिकेको सीपका आधारमा व्यवसाय गरेर प्रगति गर्न समस्या छ । सरकारले तत्काल सुधारका लागि ध्यान नदिने हो भने सीप सिकेर स्वदेश फर्केको युवालाई विदेश फर्किनुको विकल्प छैन ।'

सिन्धुपाल्चोक इन्द्रवतीका गाउँपालिकाका ठाकुरीले पनि विदेशमा जस्तै नेपालमा हाउसकिपिङको माग बढिरहेको भएपनि लगानीको अभावमा विदेशमा सिकेको सिपका आधारमा रोजगारी सिर्जना गर्न समस्या झेलिरहनु परेको बताए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले सार्वजनिक भएको पुनःएकीकरण कार्यक्रम श्रम बजारमा आउने युवा युवतीलाई स्वदेशमा नै रोजगारी दिई आत्मनिर्भर बनाउने योजना अन्तरगत कार्यक्रम ल्याइएको बताउँदै निर्देशिकाले राम्रो परिणाम दिने दावी गरे । वैदेशिक रोजगारबाट सीप, पुँजी र प्रविधि लिएर आएका युवायुवतीलाई विदेशमा सिकेको सीपका आधारमा कृषि, पर्यटन तथा उद्योग र उत्पादनजस्ता क्षेत्रमा समेटिने भन्दै मन्त्री कुँवरले भने, 'विदेशमा सिकेको सीपका आधारमा रोजगारी सिर्जना गर्न उनीहरूलाई सरकारले आर्थिक सहयोग गर्नेछ ।'

मन्त्रालयका सचिव एक नारायण अर्यालले नेपालमा वैदेशिक रोजगारबाट फर्केका युवायुवतीलाई राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय गैरसरकारी संस्था, स्थानीय तह, प्रदेश मन्त्रालयहरूले छुट्टाछुट्टै पुनः एकीकरणका नाममा कार्यक्रम सञ्चालन गर्दा साधन र स्रोतको (डुब्लीकेसन) भएकोले त्यसलाई एकद्वार मार्फत सञ्चालन गर्न निर्देशिका ल्याईएको जानकारी दिए । निर्देशिकाले साना-साना लगानीमा सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थापन गर्ने लक्ष्य राखेकोले निर्देशिका मार्फत मेघा उद्यम र रोजगारीको अपेक्षा नगर्न पनि आग्रह गरे ।

मन्त्रालयको रोजगार व्यवस्थापन महाशाखाका सहसचिव राजीव पोखरेल, बोर्डका कार्यकारी निर्देशक राजन प्रसाद श्रेष्ठले अन्तर्राष्ट्रिय आप्रवासन संगठन आईओएमका प्रज्वल शर्मा प्रस्तुतीकरण राखेको कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा.रामकुमार फुयालले नेपालको वैदेशिक रोजगार नीतिबारे धारणा राखेका थिए ।

कार्यक्रममा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक विमल प्रसाद ढकाल, कार्यसमिति सदस्यहरू प्रेम बहादुर कटुवाल, वाईवी राईसहित सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जालमा आवद्ध गैरसरकारी संस्थाका प्रतिनिधि तथा ट्रेड युनियन संगठन प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

## साउदी...

अध्यक्ष राजेन्द्र भण्डारीले दूतावासले भिसा समस्याको समाधान नगरे व्यवसायीले औपचारिक रूपमा नै साउदी अरबमा कामदार नपठाउने घोषणा गर्ने अवस्था उत्पन्न भएको जानकारी गराएपछि मन्त्री कुँवर आफुले त्यस विषयमा परराष्ट्र मन्त्रीसँग पनि छलफल गर्ने र राजदूतलाई मन्त्रालयमा बोलाएर समस्या समाधानका लागि छलफल गर्ने प्रतिवद्धता जनाएको मध्यान्हलाई जानकारी दिए ।

अध्यक्ष भण्डारीले नेपालस्थित साउदी दूतावासले साउदी सरकारको आन्तरिक मन्त्रालयको निर्देशनको हवाला दिएर व्यवसायीलाई अनावश्यक कागजात मागगर्ने, बिना कारण दुःख दिने र बिना गल्ती कारबाही गर्नेगरेको विषयमा मन्त्री कुँवरको ध्यानाकर्षण गराइएको जानकारी दिए ।

यसका अतिरिक्त मञ्चका तर्फबाट वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) मा पटक-पटक विज्ञापनको सूचना राख्दा समस्या उत्पन्न भएको, साउदी अरबस्थित नेपाली दूतावासबाट मागपत्र प्रामाणिकरणमा रहेका समस्या र मलेसियास्थित नेपाली दूतावासमा भएको मागपत्र प्रमाणिकरण ढिलाइ भएको विषयको पनि तत्काल समाधान हुनुपर्ने माग गरिएको अध्यक्ष भण्डारीले बताए ।

समस्या समाधान नभए वा ढिलासुस्ती यथावत् रहेमा कोरोनापछि शुरू भएको वैदेशिक रोजगारीको गति रोकिने र नेपालले प्राप्त गरिरहेको डिमाण्ड र रेमिट्यान्समा गतिरोध उत्पन्न भई राष्ट्रिय अर्थतन्त्रमा नै नोक्सानी गर्ने भएकोले समस्या समाधानका लागि कुनैपनि प्रकारको बिलम्ब गर्न नहुनेमा जोड दिइएको समेत भण्डारीले बताए । अध्यक्ष भण्डारीको नेतृत्वमा गएको व्यवसायी टोलीमा पूर्व अध्यक्ष टंक बहादुर राउत, महासचिव जनक रावल, उपाध्यक्ष सरिता घले, सचिवद्वय राजेन्द्र अधिकारी र धनुस सिन्जाली, कार्यसमिति सदस्यहरू डिएम सुब्बा, आङछिरिङ शेर्पा, दीपक आचार्य, सरिता राई, खेम गौतमलगायतको सहभागीता रहेको थियो ।

मध्यान्ह दैनिकले गत साउन २६ गते प्रथम पृष्ठमा 'साउदी दूतावासको कार्यशैलीबाट व्यवसायीहरु पीडित' र 'परराष्ट्रले नै हस्तक्षेप गर्नुपर्ने माग' शिर्षकमा यस सम्बन्धी समाचार प्रकाशित गरेको थियो ।

**मोटरसाईकल हराएको सूचना**

मिति २०७९/०४/२६ गते काभ्रेपलान्चोक जिल्ला, बनेपा न.पा., वडा नं. ८, स्थित झिंगु म:म रेष्टुरेन्टको बाहिर पार्किङ गरि राखेको प्रदेश–०२–०३४ प ७९२६ नम्बरको **Pulsar 150 cc** कालो रातो रङ्गको बजाज कम्पनीको मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनी : राजकुमार श्रेष्ठ
च्यासिस नं : MD2A11CX1MPF 01781
इन्जीन नं : DHXRMF93768
सम्पर्क नं : ९८४१०५६६०३, ९८०११९४७९३

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७९/०४/३०

**ईजल्यान्ड फास्ट फुड एण्ड ईसा पार्टी प्यालेस प्रा.लि.**को मिति २०७७/१०/०७ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ईजल्यान्ड फास्ट फुड एण्ड सेकुवा कर्नर प्रा.लि (प्रा. लि. नं.: २५०३६६)** कायम गर्ने गरी मिति २०७७/११/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७९।०४।३०

यस कम्पनीको मिति २०७९/०३/२५ को विशेष साधारण सभाको निर्णयानुसार यस कम्पनीको साविक नाम **लिटिल ह्याण्ड्स स्कुल प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम **स्प्रीङभिल प्रीस्कुल काठमाडौं (प्रा.लि. नं. १४११०२)** ले सकार्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९।०३।३१ को निर्णयानुसार यस कम्पनीको नाम पारिवर्तन गरी नेपटेक सोलुसन्स प्रा.लि. कायम गरिएकोले सम्पूर्णको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**साउदीमा रोजगार** | कम्पनी : DOSOR ALARABIA CO. LTD.
शहर: RIYADH

पुर्व स्वीकृत मितिः २०७९/०३/१४ चलानी नं.: ६०१८२०३२ L.T. No.: 266072 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upload And Download Labor | 30 | 0 | स. काममा दक्ष | 1000 | ३३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ६ गते (22 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Fair Connect Resource Pvt. Ltd.**
श्रम ईजाजत नं.: १२७९/०७४/०७५
Basundhara-5, Kathmandu, Nepal
Tel :- 01-5505936, 5505937, Email :- agencyfcr@gmail.com

**UAE मा रोजगारको अवसर** | कम्पनी: S K SOLUTIONS FACILITY SERVICES L.L.C.
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/०४/२९ चलानी नं.: ६०१८५२७५ LT. No.: 269507

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 22 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २७,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Filing Clerk | 1 | 0 | | 1500 | ५१,९३० | | | | | | | |
| 3. | Packer | 20 | 0 | | 1000 | ३४,९३० | | | | | | | |
| 4. | Secretary | 2 | 0 | | 1500 | ५१,९३० | | | | | | | |
| 5. | Security | 40 | 10 | | 1600 | ५५,३९२ | | | | | | | |
| 6. | Waiter | 0 | 5 | | 1200 | ४१,५४४ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान र मितिः
मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ६ र ७ गते (22 & 23 August 2022) मा हुनेछ ।
जनप्रिय थकाली भान्छाघर, पोखरा, कास्कीमा २०७९ भदौ ६ र ७ गते (22 & 23 August 2022) मा हुनेछ ।
खुकुरी होटेल, सुनसरी, इटहरीमा २०७९ भदौ ६ गते ( 22 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

# फोहोरमा राजनीति नगरौं: मेयर शाह



**काठमाडौं/मस–** सत्तारुढ गठबन्धनमा आवद्ध दलहरुले फोहोर मैला सदाकालको लागी बन्द गर्ने घोषणा गरेका छन्।

१७ वर्षदेखि काठमाडौं महानगर लगायत अन्य धेरै नगरपालिकाको फोहोर धादिङ र नुवाकोटको सिमाना सिसडोल र पछिल्लो समयमा कुडुल्ले बन्चरेमा फोहोर अव्यवस्थित तरिकाबाट फाल्दै आएको भन्दै धुनिवेशी नगरपालिका १, नेपाली कांग्रेसका सभापति पूर्ण सिंह तामाङ, धुनिवेशी नगरपालिका १, नेकपा माओवादी केन्द्रका अध्यक्ष विष्णु तामाङ, धुनिबेशी नगरपालिका १ र एकीकृत नेकपा समाजवादीका अध्यक्ष भिषण धिताल सत्तारुढ गठबन्धनमा आवद्ध दलहरु फोहोर मैला सदाकालको लागि बन्द गर्ने घोषणा गरेका हुन्।

यता काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साहले फोहोरको रास लगाएर त्यो भित्र झन् कुहिएको खेल खेलेर त्यसलाई राजनीतिको नाम नदिन आग्रह गरेका छन्।

साहले आफ्नो फेसबुकमा लेख्दै भनेका छन्, 'बञ्चरे डाँडमा फोहोर व्यवस्थापनका लागि कतिपय संरचनाहरु बनिसकेका छन्। भूमि लिन तथा संरचना निर्माणमा र प्रभावितहरुले पाउने सुविधा तथा मुअब्जा जस्ता काममा ५ अर्ब खर्च भइसकेको छ। यो झुक्याएर गरिएको पनि थिएन। यसका वैधानिक सम्झौताहरु छन्। ति सम्झौताहरुको पालना गर्नुं सबैको कर्तव्य हो।'

साहले संविधानले जुन राज्य प्रणालीको परिकल्पना गरेको छ, त्यसमा एउटा सरकारको तह र अर्को तहको आपसी समन्वय तथा मेलमिलापको नै कल्पना गरिएको बताएका छन्। उनले त्यस्तो राजनीतिले कसैलाई अगाडि नबढाउने बताएका छन्। 'असफल नै बनाउनु पर्ने खेल किन गरिन्छ? हामी त्यति धेरै असभ्य र स्वार्थी किन छौं?। राजनीति त्यस्तो हुदैन। यसमा हेक्का राखौं।' उनले आफ्नो फेसबुकमा लेखेका छन्।

# थप ४५५ मा संक्रमण पुष्टि




**काठमाडौं/मस–** पछिल्लो २४ घण्टामा नेपालमा ४५५ जना कोरोना संक्रमित थपिएका छन्। देशभर गरिएको २ हजार ३०८ पीसीआर र २ हजार ५२१ जनाको एन्टीजेन परीक्षणका क्रममा ४५५ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा ३०२ जना संक्रमित निको भएका छन्। यो सँगै देशभर निको हुनेको संख्या ९ लाख ७५ हजार ६०९ पुगेको छ। उक्त अवधिमा दुई जनाको मृत्यु भएको छ। यो सँगै मृत्यु हुनेको संख्या ११ हजार ९८८ पुगेको स्वास्थ्य मन्त्रालयले जनाएको छ। देशभर हाल ५ हजार ४३५ जना सक्रिय संक्रमित छन्।

**फाइजर खोप दिइने**

५० जिल्लाका ५ वर्षमाथि र १२ वर्षमुनिका बालबालिकालाई कोभिड-१९ विरुद्धको फाइजर खोप दिइने भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार दोस्रो चरणमा ५ भदौदेखि ११ भदौसम्म बालबालिकाहरुलाई फाइजरको पहिलो मात्रा दिन लागिएको हो।

यस्तै, भदौ २७ गतेदेखि असोज १ गतेसम्म कोभिड-१९ विरुद्धको खोप फाइजरको दोस्रो मात्रा दिइनेछ।

मन्त्रालयका अनुसार ५० जिल्लाहरुमध्ये प्रदेश नं १ मा भोजपुर, धनकुटा, खोटाङ, ओखलढुंगा, पाँचथर, संखुवासभा, सोलुखुम्बु, ताप्लेजुङ, तेह्रथुम, उदयपुर रहेका छन्।

मधेश प्रदेशमा बारा, रौतहट,सर्लाही र बागमती प्रदेशमा रामेछाप, दोलखा, धादिङ, नुवाकोट, रसुवा, सिन्धुपाल्चोकका बालबालिकालाई खोप दिइँदैछ।

त्यसैगरी, गण्डकी प्रदेशमा बाग्लुङ, गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, स्याङजा, तनहुँ, लुम्बनी प्रदेशमा कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पाल्पा, प्युठान, रोल्पा, रुकुम पूर्व जिल्लाबाट खोप दिइनेछ।

त्यसैगरी, कर्णाली प्रदेशमा पश्चिमी रुकुम, सल्यान, डोल्पा, हुम्ला, जुम्ला, कालीकोट, मुगु, दैलेख, जाजरकोट र सुदूरपश्चिम प्रदेशमा अछाम, डोटी, बझाङ, बाजुरा, बैतडी, दार्चुलाका बालिबालिकालाई फाइजर खोप दिने मन्त्रालयले जनाएको छ। यसअघि २७ जिल्लाका बालबालिकालाई सरकारले फाइजर खोप दिएको थियो।

# प्रधानमन्त्री देउवासँग मुक्त कमलरीका समस्या समाधान गर्न माग



**काठमाडौं/मस–** प्रधानमन्त्री शेरबहादुर देउवासँग नेपाल सरकार र कमलरीबीच भएको १० बुँदे सहमतिलाई कार्यान्वयन गर्न माग गरिएको छ।

मुक्त कमलरी विकास मञ्चको अग्रसरतामा गएको प्रतिनिधिमण्डलले आइतबार प्रधानमन्त्री निवास बालुवाटारमा उहाँलाई भेटेर कमलरीका समस्या सम्बोधन गर्न आग्रह गरेको मञ्चका संस्थापक अध्यक्ष मन्जिता चौधरीले जानकारी दिइन्।

संघीय सांसद शान्ता चौधरी नेतृत्वको प्रतिनिधिमण्डलले तत्काल मुक्त कमलरी बस्दै आएको छात्राबासमा यसअघि सरकारले गर्दै आएको खान बस्नको प्रबन्धलाई नियमितता दिन र कमलरीका लागि स्नातक तहको छात्रवृत्ति कटौती नगर्न आग्रह गरेको हो।

यसबाहेक मुक्त कमलरीको पुन:स्थापनलगायत विषयमा प्रधानमन्त्री देउवाको ध्यानाकर्षण गराइएको संस्थापक अध्यक्ष चौधरीले बताइन्। सो अवसरमा प्रधानमन्त्री देउवाले उपरोक्त समस्या समाधानका लागि तत्काल मातहतका निकायलाई निर्देशन दिने आश्वस्त पारेका थिए।

सरकार र कमलरीबीच समस्या समाधानका लागि २०७४ साल जेठ २४ गते १० बुँदे सम्झौता भएको थियो।

# निजामती ऐन ल्याउनुपर्ने माग

काठमाडौं/मस-नेपाल निजामती कर्मचारी संगठनले तीन तहको कर्मचारीलाई मार्गनिर्देशन गर्ने ऐन जारी गर्नंपर्ने माग गरेको छ।

सङ्गठनले पत्रकार सम्मेलन गरी अध्यक्ष लेखनाथ कोइरालाले केन्द्रीय कार्य समितिको दोस्रो




बैठकले गरेका निर्णय सार्वजनिक गरे।

उनले प्रस्तावित सङ्घीय निजामती सेवा ऐन स्थानीय, प्रदेश र केन्द्रीय तीन तहमा कार्यरत कर्मचारीलाई मार्गनिर्देशन गर्ने मूल कानून निजामती सेवा ऐन जारी गर्न सरकारले ढिलासुस्ती गरेको भन्दै आपत्ति जनाए।

सो सङ्गठनले तीनै तहमा कार्यरत कर्मचारीलाई निजामती कर्मचारीको परिभाषामा समावेश गरी कर्मचारी तथा ट्रेड युनियनमैत्री ऐन जारी गर्नसमेत सरकारसमक्ष आग्रह गरेको छ। उनले भने, 'एक लाख २५ हजार कर्मचारीलाई परिचालित गर्ने ऐन सरकार संसद्बाट चार वर्षसम्म ल्याउन सकेको छैन, सरकारले हाम्रै लागि ल्याउन लागेको ऐन हामीसँग सरसल्लाह गर्दैन।' कर्मचार ीसम्बन्धी नीति नियम बनाउँदा अनिवार्यरूपमा निजामती क्षेत्रका ट्रेड युनियनलाई राखेर छलफल गर्नंपर्ने उनको भनाइ छ।

# प्युठानमा जीप दुर्घटना हुँदा ३ जनाको मृत्यु



**प्युठान/मस–** प्युठानको नौबहिनी गाउँपालिका -६ बहानेमा भएको जीप दुर्घटना हुँदा ३ जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा नौबहिनी- ५ डामृका रेमसरा बुढा मगरकि २५ दिने शिशु चेतना बुढा, उनकी दिदी ७ वर्षीया करुणा बुढा मगर र सोही ठाउँका जीप चालकसमेत २५ वर्षीय लुकेश थापा रहेका छन्।

जिल्ला प्रहरी कार्यालय प्युठानका अनुसार २१ दिने शिशु चेतना बुढा, उनकी दिदी २७ वर्षीया करुणाको अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको छ। त्यस्तै चालक थापाको भने उपचारको क्रममा जिल्ला अस्पताल बिजुवारमा मृत्यु भएको छ र


त्यस्तै दुर्घटनामा दुई जान गम्भीर घाइते भएका छन् भने घाइते ७ जनाको उपचार भइरहेको छ। आइतबार साँझ ५ बजे प्युठानको बाग्दुलाबाट डामृ तर्फ जाँदै गरेको लु १ ज १५४५ नम्बरको जिप नौबहिनि गाउँपालिका वडा नम्वर ६ बहाने बजार नजिकै दुर्घटनामा परेको थियो। गाडी खोलाबाट करिव ३० मिटर तल खसेको प्रहरीले जनाएको छ।


## रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मोरङ
प्रदेश नं.१, नेपाल



**कोरोना भाइरस सम्बन्धी गाउँपालिका बासीहरुमा सचेतना**

**कोरोना भाइरसको नयाँ भेरियन्ट "ओमिक्रोन" बाट सुरक्षित हुन के गर्न सकिन्छ ?**



भ्याक्सिन लगाउनुहोस्
हाच्छ्युँ गर्दा कुहिनोले नाक–मुख ढाक्नुहोस्
सुरक्षित सामाजिक दुरी कायम राख्नुहोस्
बेला बेलामा हात धोइरहनुहोस्
मास्क लगाउन नछुटाउनुहोस्

**कोरोना भाइरस नयाँ भेरियन्ट "ओमिक्रोन"बाट कसरी आफु र अरूलाई बचाउने ?**


ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने। घरबाहिर जाँदा अनिवार्य रूपमा मास्क लगाउने।


खोक्दा वा हाछ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यू पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन-पानीले मिचिमिचि हात धुने वा स्यानिटाईजर प्रयोग गर्ने।


बेलाबेलामा साबुन-पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने।


माथिका लक्षणहरू देखिए स्वास्थ्य केन्द्रमा तुरून्त जानुपर्दछ। घरैमा बस्दा परिवारका सदस्यहरूबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ।


## अधिकृत वारेस बदर गरेको सूचना
**(मुद्दा नं. ०७९-०७-०११७)**

लिखितम् हिरामान माझीको नाती, सुक बहादुर माझीको छोरा, बारा जिल्ला निजगढ न.पा. वडा नं.-०६ बस्ने वर्ष ३२ को उमेश बहादुर माझी (ना.प्र.नं. ३३३०११/२२६९, मिति २०६३/१०/१३, जि.प्र.का. बारा) ले आफ्नो नाममा मालपोत कार्यालय, सिमरा बारामा दार्ता श्रेष्ता प्रमाणित रहेको यसअघि कुनैपनि व्यहोराले कसैलाई हक हस्तान्तरण गरी नदिएको एकलौटी हक भोगको तपशिलमा उल्लेखित जग्गा राजिनामाको व्यहोराले हस्तान्तरण गर्नका लागि काजिमान श्रेष्ठको नाती, लाल बहादुर श्रेष्ठको छोरा, पर्सा जिल्ला ठोरी गा.पा. वडा नं.-०१ स्थायी घर भै काठमान्डौ जिल्ला चन्द्रागिरी न.पा. वडा नं.-३ बस्ने वर्ष ३९ को तुल बहादुर श्रेष्ठ ( ना.प्र.नं. १०९६६, मिति २०५८/०९/१७, जि.प्र.का. पर्सा) लाई सम्मानित काठमान्डौ जिल्ला अदालतबाट मिति २०६९/०४/१३/०६ मा अधिकृत वारेस (मुद्दा नं. ०७९-०७-०११७) नियक्त गरेकोमा हाल उक्त काम म वारेस दिने व्यक्ति तथा जग्गाधनि आफैले सम्पादन गर्न फुर्सद भएकोले निजलाई दिएको अधिकृत वारेसनामा मुलकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५ (१) को खण्ड (ग) बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा यो सुचना प्रकाशित गरी बदर गरिदिएको छ। यो सुचना प्रकाशित भए पश्चात निज अधिकृत वारेसले सम्बन्धित मालपोत कार्यालयमा उपस्थित भई अधिकृत वारेसनामा बमोजिमको कार्य गरेमा यसै सुचनाले बदर गरी कानुन बमोजिम गरी पाउँ।

**तपशिल**

| सि.नं. | जिल्ला/गा.वि.स. | वाड नं./नक्सा सिट नं. | जग्गाधनी | कि.नं. | क्षे.फ./व.मि. (ज.वि.) | कै. |
|---|---|---|---|---|---|---|
| १ | बारा निजगढ | ६/६ख | उमेश बहादुर माझी | ३५२९ | ०-०-१०-० | |
| २ | बारा निजगढ | ६/६ख | उमेश बहादुर माझी | ३५३० | ०-०-१०-० | |

*ईति सम्वत् २०७९ साल श्रावण २९ गते रोज १ शुभम्.................।*


## MALAYSIA मा वैदेशिक रोजगारको अवसर

**कम्पनी: ULTIMATE PRINT SDN. BHD.** शहर : Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/२९ चलानी नं.: ६०१८५३६८ LT. No.: 269486

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी: ISELLA SOFA DESIGN SB** शहर : Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/२९ चलानी नं.: ६०१८५३६५ LT. No.: 269485

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ६ गते (22 August 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम इजाजत नं. ८७२/०६६/०६७
**पास इन्टरनेशनल प्रा. लि.**
पास हाउस, सामाखुसी, काठमाडौं, (अल नेपाल हस्पिटलको बाटो नेचर बोर्डिङ स्कुलसँगै)
फोन नं.: ०१-४३८०८११, ०१-४३८१३२२, ०१-४३८१४२२,



## UAE मा वैदेशिक रोजगारको अवसर

VALTRANS فالترانس
**१. कम्पनी : VALTRANS TRANSPORTATION SYSTEMS & SERVICES LLC** शहर: UAE
पूर्व स्वीकृत मितिः २०७८/०८/०१ चलानी नं.: ६०१६७८१५ LT. No.:250927 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LIGHT DRIVER | 171 | 0 | स. काममा दक्ष | 1350 | ४६,७३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**२. कम्पनी : E H K CLEANING SERVICES L LC** शहर: UAE
पूर्व स्वीकृत मितिः २०७८/०८/०१ चलानी नं.: ६०१६७८१४ LT. No.:250893 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 24 | 19 | स. काममा दक्ष | 900 | ३१,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ ६ गते (22 August 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत पत्र नं.: ७७२/०६५/०६६
**R.B. OVERSEAS PVT. LTD.**
Gongabu, Kathmandu | Phone: 4390215, 4390043 | Mob.: 9801039446, 9801039447, 9802332363, 9802332364 | Email:rboverseasnepal@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
३० साउन २०७९, सोमबार
15 August 2022, Monday

## सम्पादकीय

# भोटको हिसाब होइन नागरिकता

संघीय संसदको प्रतिनिधिसभा र राष्ट्रियसभाबाट पारित भएको नागरिकता विधेयक राष्ट्रपति विद्यादेवी भण्डारीले फिर्ता गरेकी छन् । संसदबाट पारित भएको १४ दिनपछि विधेयकमाथि राष्ट्रपति भण्डारीले ९ विषयमा १५ सन्देशसहित फिर्ता गरेकी छन् । १५ दिनभित्रै प्रमाणिकरण वा सन्देशसहित फिर्ता गर्नपर्ने वैधानिक व्यवस्था छ । त्यही व्यवस्था बमोजिम राष्ट्रपति भण्डारीले विधेयक फिर्ता गरेकी छन् । संविधान कार्यान्वयन गर्न आवश्यक नागरिक सम्बन्धी ऐन संशोधन गर्न बनेको विधेयक फिर्ता भएपछि प्रमुख विपक्षी दल नेकपा एमालेले स्वागत गरेको छ । एमालेसँग परामर्श नगरेपनि राष्ट्रपतिको कदम स्वागतयोग्य भएको जनाएको नेताहरूले प्रतिक्रिया दिएका छन् । तर सत्ताको नेतृत्व गरिरहेको दल नेपाली कांग्रेसका नेताहरूले विधेयक फिर्ता हुनुलाई दुखद् भनेका छन् ।

कांग्रेसले राष्ट्रपति भण्डारीले कार्यकारीको निर्णयप्रति बिमति जनाएका रूपमा लिएको छ । संवैधानिक विज्ञहरूले पनि विभाजित प्रतिक्रिया जनाएका छन् । कतिपयले यसलाई सकारात्मक र संवैधानिक कदम भनेका छन् भने कतिपयले राष्ट्रपति भण्डारीले द्वन्द्व निम्त्याउन चाहेको टिप्पणी गरेका छन् । तर राष्ट्रपति भण्डारीले भने संवैधानिक भूमिकाभित्रै रहेर विधेयक फिर्ता गरेको उल्लेख गरेकी छन् । ९ विषयमा १५ सन्देश दिने क्रममा केपी शर्मा ओलीले प्रधानमन्त्रीका हैसियतमा ल्याएको अध्यादेश प्रमाणिकरण गरिएको, तर यसपटक फिर्ता गरिनुको पृष्ठभूमि प्रष्ट्याउने प्रयास गरिएको छ । सन्देशमा नागरिकता बनाउदा ऐतिहासिक पक्षको अध्ययन गरिनुपर्ने, नागरिकताका सिद्धान्तहरूमा स्पष्टताको आवश्यकता हुनुपर्ने, अंगीकृत नागरिकताको समस्या दीर्घकालीन समाधान खोजिनुपर्ने, मधेशको भावना सम्बोधन हुनुपर्ने, स्वघोषणाबारे गम्भीर ध्यानाकर्षण भएको र राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनमा चासो रहेको उल्लेख छ । सँगै नागरिकता कानून निर्माणमा ढिलाइ गर्न नहुने पनि राष्ट्रपतिको तर्क छ ।

तर विधेयक फिर्ता गरिएकाले कानून निर्माणमा विलम्ब मात्रै नभएर संसदमा फेरि मतभेद बढ्ने प्रष्ट संकेत देखिएको छ । किनकि सरकारले यसअघि छलफल भएको विधेयक फिर्ता लिएर नयाँ अध्यादेश दर्ता गराउँदै पारित गरिएको थियो । विशेषगरी वैवाहिक अंगीकृतलाई सात वर्षपछि मात्रै नागरिकता दिइने वा तत्कालै दिने भन्ने विषयमा दलहरूबीच मतभेद छ । यो विषयमा एमाले र माओवादी केन्द्रबीच मतैक्य छ, तर सत्तारूढ भएकाले माओवादीले अडान छोडेको थियो । यसको अर्थ नागरिकता विधेयकमाथि राजनीतिक लाभहानीका रूपमा प्रयोग गरिएको प्रष्ट हुन्छ । पृष्ठभूमि हेर्दा पनि नागरिकता सधैं राजनीतिक लाभहानीको विषय बनाउने गरिएको देखिन्छ । त्यसैले नागरिकताजस्तो संवेदनशील विषयमा गम्भीर हुनु आवश्यक छ । भोटलाई हेरेर विलम्ब वा मतभेद उचित हुन्न ।

# अबको जिम्मेवारी कसको काँधमा ?

*आज पनि जनताको दैनन्दिनी जस्ताको तस्तै छ । गरिब, किसान, मजदुर, सर्वहारा र तमाम श्रमजीवी वर्गले देखेको सपना पुरा भएको छैन । उनीहरूको बलिदानले ल्याएको यो व्यवस्थालाई उनीहरूकै पक्षमा व्यवस्थित गर्नु नै अहिलेको आवश्यकता हो ।*

**अग्रलेख**


● खिमराज गिरी


● सरोजकुमार तामाङ

कर्म छाडा धर्म, विनाशकारी विज्ञान र अहम्ताको राजनीति अहिलेको विकासको बाधक तत्वहरु हुन् । २०४६ सालको व्यवस्था परिवर्तन हुनुमा मूलतः चार मुद्दाहरु थिए : राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक । राजनीतिक मुद्दाको विषयलाई केलाउने हो भने एकदलीय पञ्चायती व्यवस्थाको विरुद्ध बहुदलीय पद्धतिको व्यवस्था गर्‍यौं । निरंकुश राजतन्त्रको अधिकारहरुलाई केही मात्रामा भएपनि संविधानभित्र ल्यायौं तर, त्यो सिमित अधिकारसहितको प्रजातन्त्र थियो । अझ जनयुद्ध हुँदै २०६२/६३ को दोस्रो संयुक्त जनआन्दोलनले नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाउँदै विश्वको उत्कृष्ट व्यवस्था संघीयता लागू गर्न हामी सफल भयौं । संघीयता आफैमा एक उत्कृष्ट व्यवस्था भएपनि यो व्यवस्थालाई चलायमान बनाउन शासक र प्रशासकमा भने उही सामन्त वर्ग, दलाल, नोकरशाही, पुँजीपति वर्गको हावी रहेको छ । यसलाई गतिशीलता प्रदान गर्न सर्वहारा, मजदुर, गरिब, किसान र श्रमजीवी वर्गको इमानदार, नैतिकवान जनप्रतिनिधिहरुको बाहूल्यता राज्यको निर्णायक तहहरुमा स्थापित गर्न नसके यो व्यवस्था एम्बुसमा पर्ने र पार्ने खतरा कायमै रहेको छ । वैदेशिक एकाधिकार पुँजीवादको पक्षपोषण गर्ने दलाली शासकवर्गहरु जबसम्म राज्यको निर्णायक तहमा हालीमूहाली गर्छन्, तबसम्म हामीले भन्ने गरेको समाजवादको आधार निर्माण हुन सक्दैन् । समाजवादको आधार तयार पार्न सत्ताको लागि गठबन्धनको मोलमोलाई गर्ने जति पनि क्रान्तिकारी नामधारी कम्युनिस्ट पार्टीहरु छन् तिनबाट त अब सम्भवै छैन ।

२०४६ साल पछि मदन भण्डारीको बहुदलीय जनवादको नाराले नेपाल मात्र होइन विश्वको इतिहासमै प्रजातान्त्रिक पद्दती अपनाउने कम्युनिष्ट पार्टीको पहिलो अध्याय शुरु भएको थियो । जसले गर्दा नेपाली कांग्रेस पार्टी त त्यसै नै वर्ग शत्रु थियो नै, आफ्नै मूलघरका विभाजित कम्युनिष्टहरु पनि सशंकीत हुनपुगे । २०५२ सालदेखि दस वर्ष भएको जनयुद्ध पनि त्यसैको कारण थियो । ती क्रान्तिकारी पार्टीहरुले अहिले प्रजातान्त्रिक पद्धती अपनाइसकेपछि पनि चुनावमा सिंगल पार्टी भिड्न नसकेर बाध्यताबस पूँजीवादीहरुको खल्तीको माखा बनेका छन् र अहिले सत्तामा लिप्सिन त्यसैको मिटर ब्याजमा अल्झिराखेको स्थिति छ ।

आज पनि जनताको दैनन्दिनी जस्ताको तस्तै छ । गरिब, किसान, मजदुर, सर्वहारा र तमाम श्रमजीवी वर्गले देखेको सपना पुरा भएको छैन । उनीहरुको बलिदानले ल्याएको यो व्यवस्थालाई उनीहरुकै पक्षमा व्यवस्थित गर्नु नै अहिलेको आवश्यकता हो । यो व्यवस्थाको चलायमान पाठपूर्जाहरु भनेकै ती गरिब, किसान, मजदुर र श्रमजीवी वर्गहरु हुन् । व्यवस्थासँग आवद्ध गर्दै यो मुलुकको बाँकी कार्यहरु आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणलाई एक ठोस निष्कर्षमा पुर्‍याउनु पर्ने जिम्मा नेतृत्वलाई छ ।

हामीले व्यवस्था त परिवर्तन गर्‍यौं तर, परिवर्तित व्यवस्थाको अनुभूति जनतालाई दिलाउन आर्थिक, सामाजिक र सांस्कृतिक क्रान्तिको अवस्था आवश्यकता थियो तर, त्यो पुरा नहुँदै त्यही सामन्ती वर्ग, दलाल, नोकरशाही, पुँजीपति वर्गको चरणस्पर्श गर्दै राज्यको निर्णायक तहहरुमा बिचौलिया, तस्कर र माफियाहरुसँगको मिलेमतोले अप्रत्यक्षरूपमा सत्ताको चाबी उसैको हातमा सुम्पिने कार्यको थालनी गर्‍यौं । जसले हामीले भन्ने गरेको समाजवाद हुँदै साम्यवादको दिशालाई उल्टाउँदै दलाल, नोकरशाहीमार्फत त्यही पहिले कै सामन्तवाद तर्फ फर्काउने जमर्को गरिँदैछ । त्यसैको प्रतिक्रिया स्वरूप जनताले जनताकै उत्कृष्ट संघीय व्यवस्थालाई समेत घृणा गर्न थालेका छन् । जनताकै आहूतीले ल्याएको यो व्यवस्थाप्रति जनताले नै घृणा फैलाउने कामको बिजारोपण त्यही बिगतका प्रतिक्रियावादीहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । गरिब, किसान, मजदुर र श्रमजीवी वर्गको हितमा राज्यसत्ताले नीति निर्माण गरी ती लक्षित वर्गसम्म प्रभावकारी तवरले पुर्‍याउन आर्थिक पाइपलाइनको निर्माण गर्नुपर्छ । भ्रष्टाचार, तस्करी, आर्थिक अनियमितता जस्ता गैरजनहित कार्यहरुको उन्मूलन हुन्थ्यो भने



*आज मुलुकको अर्थतन्त्र ध्वस्त छ । विकास निर्माण ठप्प छ । न्यायालय बेकामे बनेको छ । सरकारको परराष्ट्र नीति गोलमाल छ र राष्ट्रियता धरापमा छ । भागबन्डाबाट सरकार बन्दा मुलुक कसरी असफल हुन्छ भन्ने ज्वलन्त उदाहरण अहिले देखिएको छ । त्यसैले, अबको चुनावमा पनि यही भागबन्डाको राजनीतिलाई प्रश्रय दिइरहने हो भने जनताले ठूलो मूल्य चुकाउनुपर्नेछ ।*

आजको उपभोक्ता समाज उत्पादनसँग जोडिन्थ्यो । छरिएर रहेका ती स-साना पुँजीहरु एकत्रित हुँदै राष्ट्रिय पुँजी निर्माणमा योगदान मिल्थ्यो, जसले मुलुकलाई चाहिने ठूला-ठूला परियोजनाहरु निर्माण गर्न वैदेशिक ऋण सहायताको आवश्यकता महशुस हुँदैन्थ्यो ।

आजको तीतो यथार्थ के हो भने व्यक्तिगत भू-स्वामित्व जनतासँग भएपनि उत्पादनको लागि चाहिने आवश्यक पदार्थहरु जस्तैः मल, बीऊ बिजन, प्राविधिक ज्ञान, बजार त्यही दलाल, नोकरशाही, पुँजीपति वर्गहरु कै हातमा रहेको छ । यिनीहरुले बिचौलिया, तस्कर र माफियामार्फत यो मुलुकको उत्पादनलाई शून्यमा राखेर वैदेशिक एकाधिकार पुँजीपति वर्गहरुको बहुराष्ट्रिय कम्पनीहरुद्धारा उत्पादन गरिएका नेपाली जनताको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने निम्न कोटीको वस्तु तथा सेवाहरु बिक्री-वितरण गर्ने एक थलोको रूपमा विकसित गरे भने अर्कोतर्फ शासकले जनताहरुलाई आफैंले ल्याएको व्यवस्थामा उपेक्षा गर्दै गए । समाजलाई यो वा त्यो नामको राजनीतिक दलदलमा फँसाएर जनतालाई एक अर्कामा लडाउँदै राष्ट्रघाती एवम् विदेशी पुँजीपति माझ शरणमा पर्ने र पार्ने उद्देश्यसहितको सोच यी प्रतिक्रियावादीहरुको हो । यिनले राज्यसत्ता सम्हाल्नु भनेकै वैदेशिक एकाधिकार पुँजीपति वर्गहरुलाई फाइदा पुर्‍याउने हेतुले नीति निर्माण गर्नु हो । जस्तैः एमसीसी परियोजना संसदबाट पारित हुनु, एसपीपी ल्याउन अझै आन्तरिक पहल गर्नु, अंगीकृत नागरिकताको वितरणमा समय सीमा नतोक्नु, बजेट निश्चित घरानिया व्यापारीको अनुकूल हुनेगरी निर्माण गर्नु, आदि ईत्यादि ।

अब प्रदेश र संघको चुनाव नजिकिँदै छ । एकातिर राज्यसत्ताको बागडोर सम्हालेर बसेका सात दलको सत्ता र चुनावी गठजोड छ भने अर्कोतिर सिंगो एमाले पार्टी तिनीहरुसँग चुनावी मैदानमा भिड्दैछ । "छोरो पाउनु कहिले कहिले, केजाती बाँध्ने अहिले" भनेजस्तो सत्ता गठबन्धनका केही नेताहरुको चुनावको नतिजा मानौं अहिले नै पस्किसके जस्तै आलोपालो प्रधानमन्त्री बन्ने बेजोडको लक्ष्य एकातिर छ भने अर्कोतिर सभामुख, उपसभामुख, राष्ट्रियसभाको अध्यक्ष, उपाध्यक्षलगायत विभिन्न संवैधानिक निकायका पदाधिकारीहरु आदिको आन्तरिक अंशबन्डा गर्न विदेशीहरुसँगको सामिप्यता बढ्दै गएको देखिन्छ । सत्ताधारीहरुको ध्यान राज्यमा जनताको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारीतर्फ उन्मुख हुनेभन्दा पनि आगामी चुनावमा भागबन्डा कति पर्छ, कसरी चुनावको नतिजा हाता पार्ने भन्दै एक अर्का दल आफैमा सशंकित बन्न पुगेका छन् ।

तर, उता नवलपरासी सुस्ताकी सुरसती मुसहरका श्रीमानले दुई छोरा विदेश पठाउनको लागि सुनिलकुमारसँग रु १ लाख ५० हजार ऋण लिए । छोराहरु विदेश गएर करिब १२ लाख रूपैयाँ पठाए तर, त्यो ऋण तिरेर सकिएन । फेरि उनीहरुले जग्गा बेचेर १८ लाख साहुलाई दिए । एक लाख पचास हजार साँवाको ब्याज त्यतिका रकम तिरेर पनि अझै साहुले ५० लाख ऋणको बक्यौता देखाए । र, नतिरेकोमा धम्कीको भाषा प्रयोग गरिराखेका छन् । जसले गर्दा ऋणीहरु झन् त्रसित छन् । त्यस्तै, नवलपरासी मात्र होइन देशका विभिन्न भागमा दलालहरुको मिटर ब्याजको बढ्दो चलखेलले सोझा साझा व्यक्तिहरु आक्रान्त छन् र न्यायको लागि सरकारको सिंहदरबारको ढोका घचघच्याउँदा पनि न्याय पाइरहेको स्थिति छैन ।

देशमा महँगी बढ्दो छ । बजेट भाषणमा भएका उद्योगहरुको आयातित कच्चा पदार्थमा भन्सार महशुल र आन्तरिक राजस्व बढाइनाले बिराटनगरलगायत देशका विभिन्न ठाउँका उद्योग धन्दा फेरि बन्द हुन पुगेका छन् । जसले गर्दा हजारौं मजदुरहरु बेरोजगार भएका छन् । यसरी राज्यसत्ताको चाबी निश्चित घरानिया व्यापारीहरुको हातमा सुम्पिदाँ देशको राजनीतिक, आर्थिक तथा सामाजिक स्थिति नाजुक स्थितिमा छ । आज मुलुकको अर्थतन्त्र ध्वस्त छ । विकास निर्माण ठप्प छ । न्यायालय बेकामे बनेको छ । सरकारको परराष्ट्र नीति गोलमाल छ र राष्ट्रियता धरापमा छ । भागबन्डाबाट सरकार बन्दा मुलुक कसरी असफल हुन्छ भन्ने ज्वलन्त उदाहरण अहिले देखिएको छ । त्यसैले, अबको चुनावमा पनि यही भागबन्डाको राजनीतिलाई प्रश्रय दिइरहने हो भने जनताले ठूलो मूल्य चुकाउनुपर्नेछ । किनकी, गठबन्धनलाई भागबन्डाकै चिन्ता छ, न कि समद्ध नेपालको परिकल्पना ।

उता स्वतन्त्र उम्मेदवारहरुको आर्थिक विकासको खाका त छ तर, एका दुई शक्तिमा आएर बालेनको जस्तो अवस्था भयो भने कसरी माइक्रोम्यानेज गर्न सम्भव होला र ? अब विकल्पको रुपमा कसलाई रोज्ने प्रश्न उभिएको छ । जनताले गठबन्धनको विकल्पमा एमालेलाई ध्यानपूर्वक हेरिरहेका छन् । तर, एमालेले विगतमा गरेको गल्तीको समीक्षा कसरी गर्छ र आगामी प्रतिबद्धता कसरी जनाउँछ, सबैका निम्ति चाँसो बनेको छ ।

## सामाजिक सञ्जाल


- सुर्यराज आचार्य

वैकल्पिक पार्टीका लागि आम जनताको मन जित्न सक्ने थुप्रै एजेण्डा थिए । 'राजावादी' र 'गणतन्त्रवादी' बनेर दलभित्र रडाको मच्चाउन जरूरी थिएन । तराजुमा राखेर जोख्ने हो भने दुवैथरीको अर्घल्याइँ बरोबर, तर वैकल्पिक राजनीतिका लागि दुवैथरी असान्दर्भिक !


- राधाकृष्ण कटवाल

राजधानीको फोहोर उठ्नु पर्छ यसमा दुईमत छैन तर, फोहोर उठाउने नै सरकारको हुती छैन भन्ने योगेश भट्टराईलाई महिनाको ५ लाख तलब दिएर फोहोर व्यवस्थापनको (सिईयो) बनाएर जिम्मा दिऊ, अनि उनको पनि हुती देखिन्छ । र, बन्चरे डाँडामा कार्यकर्ता उठाएर अवरोध गर्न लगाउनेको पनि छानबिन गरौं ।


- मुमाराम खनाल

कांग्रेस र माओवादीको गठबन्धन 'सैद्धान्तिक' भएन भन्नेहरूसँग मेरो गम्भिर विमति छ । राज्यदोहन, भ्रष्टाचार र बेथितिको सिद्धान्तमा उनीहरू एउटै पार्टी सरह छन् । बरू 'गठबन्धन होइन, पार्टी एकता नै गर' भन्ने सुझाव दिउँ ।


- कृष्ण घिमिरे

पार्टीमा समस्या नेतामा छ, कार्यकर्तामा होइन, प्रचण्ड कथन । जब नेताको राजनीतिक लक्ष्य सत्ता, पद र पैसो हुन्छ अनि सिद्धान्त, नीति र जनता सम्झिदैन, जनता र कार्यकर्ता पद, पैसो प्राप्तिका साधन बन्दछन् । एमाले र नेकामा यो समस्या अझ बिकराल छ । समस्या नेता भन्दा दलका मुखिया हुन् । बुझ पचाएर पो !


- विनोद न्यौपाने

फोहोर व्यवस्थापन ३२ वर्ष तिन महिना हेर्‍यौ ? व्यवस्थापनमा अरू ६ पालिका जो फोहरसँगै फाल्छन्, जिम्मेवारी छैन । प्रदेश के हेर्छ ? र सहरी विकास मन्त्री र सचिव के हेर्छन् ? नेका र एमाले पार्टी के हेर्छन् । सबै दोष बालेनमाथि तर, कसैलाई पनि सुको पैसोको जिम्मेदारी, उत्तरदायित्व र नैतिकता छैन ।

# गठबन्धनको फोहोरी राजनीति

**विचार**


● उपेन्द्र झा

बिना लगानीको व्यापार गर्न राजनीति उद्योगहरु धमाधम दर्ता हुन लागेको छ । नेपाल जस्तो गरिब मुलुकमा धन कमाउने राजनीतिभन्दा अर्को उद्योग हुन सक्दैन । मनी ट्रीको रूपमा रहको यो कल्पवक्षबाट पैसा झार्न साना ठूला सबै यसको छायामा सुस्ताएका छन् । परिस्थितिले कुनै उपद्र भएन भने यही मंसीर ४ गते व्यापार महोत्सवको उद्घाटन गर्ने निर्णय गरेको छ । यो महोत्सवलाई भव्यताका साथ सफल पार्न निर्वाचन आयोगले १० अर्ब खर्च गर्ने बताएको छ । यस महोत्सवमा भाग लिने उम्मदेवारहरु पनि आफ्नो गच्छअनुसार ३ देखि ७ करोडसम्मको खर्चको जोहो गर्न लागेका छन् । यो खर्च गेम्बलिङ्ग हाउसमा छिर्नका लागि मात्र हुन् । यसमा छिरेकाहरु अरबपति भएर निस्केको देख्दा हैसियत नहुनेले पनि अनेक विधी खर्च जुटाउन तम्सेका छन् । देश विकास गर्न हिँडेका दर्जनौं टाउकेहरु तीन दशकभन्दा बढी गेम्बलिङ्ग हाउसमा बिताएर देशलाई अधोगतिमा पुर्‍याएकोबाट अब उनी जनतामाझ घृणाका पात्र बनेका छन् । तर पैसावाल भएका कारण जसरी पनि गेम्बलिङ्ग हाउसमा आफै जाने जिद्धि छोडेका छैनन् ।

आकर्षण समाप्त भएको यी पात्रहरु हार्ने चाल पाएर यिनीहरु अब गठबन्धनबाट मात्र चुनाव लड्ने रणनीति लिएका छन् । सत्तामा रहेका अहिले पाँच दलीय गठबन्धन (नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जसपा र संयुक्त जनमोर्चा) पारस्परिक सहमतिको आधारमा चुनाव लड्ने रणनीति बनाएका छन् भने एमालेलाई सर्वशक्तिमानको गारैव हासिल रहेकाले उ एक्लै चुनावमा जाने हिम्मतमा देखिन्छ । बाँकी साना दलहरु आफ्नो अस्तित्व जोगाउन एमालेको बुई चढेर वैतर्णी पार गर्ने एमालेसँग जाने भएका छन् । जनतामा आफ्नो आकर्षण समाप्त भएको आभास सबैलाई भएको छ ।

अहिले खासगरि नेपाली कांग्रेस धेरै डराएको देखिन्छ । आफुलाई छाडेर सबैले एकातिर गठबन्धन बनाएको देखेर एमाले पनि भित्रभित्रै डराएको छ । सँगै दुवै दललाई पहिलो बन्ने चिन्ताले सताएको छ । माओवादीको तेस्रो स्थान सुरक्षित रहेको कारण ढुक्क छ । नेकपा एकीकृत समाजवादीलाई आफ्नो अस्तित्वको चिन्ता छ । जसपालाई लोसपाले जित्न सक्दैन भनेर उ निश्चिन्त त छ तर, प्रतिनिधि सभाबारे चिन्तित हुने अवस्था छ । लोसपा ४ जनाभन्दा बाहिर निस्किन पाइरहेको छैन । सरकारमा गएपछि केही आशलाग्दो नतिजा आउने सम्भावना देखिन्छ । सबै दल आफ्नो हैसियतअनुसार दाउमा लागेका छन् । यस्तो दाउमा देश र जनता हुँदैन । यहाँ आफ्नो स्वार्थलाई कसरी संरक्षित राखी अगाडि बढाउने प्रपञ्च हुन्छ । जुवाघरसम्म कसरी पुग्ने र कसरी क्षणभरमै अर्बपति बन्ने यी उम्मेदवारहरुको एकमात्र लक्ष्य रहेको हुन्छ । विद्यमान प्रणालीले सबैलाई यही सिकाएको छ ।

आफ्नो राजनीतिक आकर्षण विस्तारै समाप्त भइरहेको अवस्थामा किनेरै भएपनि भोट लिएर गेम्बलिङ्ग हाउसमा जाने उत्कट अभिलाषालाई शीर्ष नेताहरु त्याग्न सकेका छैनन् । श्रीलंकाको राष्ट्रपति जस्तो लखेटेर सत्ताच्यतू नगरेसम्म यिनले सत्तालाई त्याग्न सक्दैन । लागेको बानी मृत्यु पर्यन्त रहन्छ । सत्ताले जसरी राख्न चाहन्छ त्यसैगरि रहने बानी भई सकेकोले फरक काम गर्ने उसको जिम्मेवारी नै बुझ्दैन । त्यसकारण देश जस्तोसुकै अवस्थामा गएपनि सत्ताद्वारा निर्देशित यी प्यादाहरु आफ्नो लीकमा चलिरहन्छ । शीर्ष दलहलको राजमुकुट यिनले लगाएपनि सत्ता चलाउने तस्कर माफिया हो । सबै पार्टीमा रहेका तस्कर माफियाहरु जितेर संसद भवनमा पुग्दा उनी सबै एकीकृत भएर सरकार बन्दछ ।

*दलहरुप्रति जनतामा रहेको वितृष्णा, दलभित्र रहेका कलह आदि कारणले सबैको साइज घट्ने सम्भावनामा सबैलाई लघुताभास भएको छ । "समथिंग इज वेटर द्यान नथिंग"को रणनीतिमा दलहरु गठबन्धन बनाएर हिँडेका छन् । परिवर्तनको कुनै ठोस आधार देखिएको छैन, जसले यो शासक वर्गको दुर्गुणलाई भत्काउन सकोस् ।*

यी नेतृत्व वर्गको कार्यशैलीबाट वाक्क दिक्क भई केही युवाहरु खास खास टाउकेहरुलाई हराउने आँट लिएका छन् । कति सफल होलान्, भन्न मुश्किल छ । चट्टानलाई सानो ढुंगाले हान्ने प्रयास मात्र हो । सबैथोक आफ्नो पकडमा राख्ने यी सर्वशक्तिमान चुनाव हारेपनि यहाँ प्रधानमन्त्री बन्न कसलै रोक्दैन । वैचारिक मतभिन्नता देखाएपनि मिलेर खान यिनी सबै एक हुन्छन् । जनसतहबाट यिनीहरु विरुद्ध तीखो आवाज उठ्न थालेको छ । यही आवाज जनविद्रोहमा परिणत भयो भने परिवर्तनको आँधी आउन सक्छ । सचेत मतदाता नभएर पनि यिनीहरु पैसा बाँडेर मत किनेर चुनाव जित्छन् । काठमाडौं, धरान र धनगढी जस्तो मतदाताले निश्चय पनि वैकल्पिक बाटो देखाउने थियो । तर सबै ठाउँमा त्यस्तो छैन । निरक्षर र विपन्न जनतालाई बडो सजिलो ढंगले यिनी आफ्नो पक्षमा लिने गरेका छन् ।

जनतामा आफ्नो आकर्षण मेटिएपनि पैसावालहरु निधर्क्क भएर चुनाव लडछन् र जितेर जान्छन् । महँगो चुनावी प्रणालीलाई हेरेर अन्य कसैले चुनाव लड्न हिम्मत गर्दैन । आफू बाहेक चुनावी यात्रामा सबै साइड लाग्ने विश्वास कै आधारमा जति विरोध भएपनि यिनी मैदानमा आउँछन् र जितेर देखाउँछन् । यसरी आफ्नो विकल्प अरु नहुने देखाएर जनताको मनोवल तोड्छन् । धनकुबेरको रुपमा विकसित भई दैवत्व स्थानमा आफूलाई स्थापित गरेका यी शासकहरु अतुलनीय रहेकोले यिनको विकल्प खोज्न धेरै कठिन छ । जनविद्रोह भएपनि जनताले के चाहन्छन्, त्यस्को अगुवाई गर्ने यिनै शक्ति हुन् किनकि संसारबाट मान्यता प्राप्त लोकतान्त्रिक शक्ति यिनै हुन् । यिनको चंगुलबाट राज्यसत्ता हत्याउने अरु कुनै शक्ति छैनन् । कम्युनिष्ट र कांग्रेस लामो समयसम्म एक अर्काको दुश्मन बनिरहँदा राजाले पनि निकै समय राज्य चलाए । दुबै मिलेपछि राजतन्त्रको अन्त भयो । यी तीनै शक्तिको मिलनमा विकल्प खोज्नु धेरै कठिन काम हो । तर, श्वास्वत कोही छैन । कसको अन्त कुन विधिबाट हुने कसैलाई ज्ञात छैन ।

दलहरुप्रति जनतामा रहेको वितृष्णा, दलभित्र रहेका कलह आदि कारणले सबैको साइज घट्ने सम्भावनामा सबैलाई लघुताभास भएको छ । 'समथिंग इज वेटर द्यान नथिंग'को रणनीतिमा दलहरु गठबन्धन बनाएर हिँडेका छन् । परिवर्तनको कुनै ठोस आधार देखिएको छैन, जसले यो शासक वर्गको दुर्गुणलाई भत्काउन सकोस् ।

**मधेश वाणीबाट**

# देश बदल्न स्पष्ट भिजनसहितको गतिशील नेतृत्व आवश्यकः ओली



**काठमाडौं/मस**–नेकपा एमालेका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले देशमा सुशासन कायम गर्दै विकास र समृद्धिको बहार ल्याउन पाँच दलीय गठबन्धनको सरकारलाई विस्थापित गर्नु अनिवार्य रहेको बताएका छन् ।

राष्ट्रिय आर्थिक मासिक पत्रिकाको १२ औं वार्षिकोत्सवको अवसरमा आइतबार काठमाडौंमा आयोजित कार्यक्रममा प्रमुख अतिथि अध्यक्ष ओलीले आर्थिक विकास र सुशासनका लागि एमालेको सरकार आवश्यक रहेको बताए ।

अध्यक्ष ओलीले आगामी ४ मंसिरमा हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा मुलुकको हितका लागि गठबन्धन दललाई पराजित गरी एमालेलाई जिताउनुपर्ने आवश्यकता रहेको बताए ।

ओलीले वर्तमान सरकारले मुलुकको आर्थिक अवस्था संकटमा पुऱ्याएकाले गठबन्धनको सरकार रहँदासम्म देश र जनताले कष्टपूर्ण अवस्था व्यहोर्नुपर्ने बताए ।

स्थानीय तहको निर्वाचनमा पनि सत्तापक्षले चरम धाँधली गरेको पनि उनले आरोप लगाए । देश बदल्न स्पष्ट भिजन सहितको गतिशील नेतृत्व आवश्यक पर्ने बताउँदै अध्यक्ष ओलीले सत्तागठवन्धनमा कसैसँग पनि स्पष्ट, भिजन र देश बदल्ने योजना नरहेको दावी गरे ।

कार्यक्रममा नेपाली काग्रेसका नेता तथा पूर्व अर्थमन्त्री डा.रामशरण महतले सबै क्षेत्रको विकासका लागि आर्थिक क्षेत्रको विकास आवश्यक पर्ने बताए ।

सरकारले आर्थिक क्षेत्रको विकासमा विशेष प्राथमिकता दिनुपर्ने उनको भनाइ छ ।

नेता महतले २०४६ सालको परिवर्तन सँगै देशमा आर्थिक उदारीकरणको नीति अख्तियार गरिएकाले नीजी क्षेत्रको उल्लेख्य विकास हुन सकेको स्पष्ट पारे । कार्यक्रममा माओवादी केन्द्रका नेता तथा पूर्वगृहमन्त्री शक्तिबहादुर बस्नेतले अहिले मुलुकको आर्थिक सूचकहरु सकारात्मक हुन नसकेकाले सरकारले आर्थिक विकासमा ध्यान दिनुपर्ने आवश्यकता रहेको बताए ।

कार्यक्रममा राष्ट्र बैंकका प्रथम गभर्नर तथा अर्थविद् हिमालय शमशेर राणाले विदेशी सञ्चितिको अवस्था कमजोर भएकाले मुलुक आर्थिक संकट तर्फ जान सक्नेमा चिन्ता व्यक्त गरे ।

राणाले मुलुक आर्थिक संकटतर्फ अघि बढिरहँदा पनि त्यसलाई जोगाउन सरकारी पक्षमा अग्रसरता र सक्रियता नदेखिनु गैरजिम्मेवारीपन भएको बताए । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले सञ्चार क्षेत्र आफ्नो सिमा भित्र बस्नुपर्ने र सिमाभित्र नबस्नेहरु माथि काउन्सिलले कठोर कारवाही गर्ने चेतावनी दिए ।

राष्ट्रिय आर्थिक मासिक पत्रिकाका प्रधानसम्पादक तथा प्रकाशक पुष्कर बस्नेतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेल, वरिष्ट पत्रकार वविता बस्नेत, जलश्रोतविद् दिव्यध्वज कार्की, टानका अध्यक्ष खुम सुवेदी, एमालेका युवा नेता श्याम बस्नेत लगायतले मन्तव्य राख्दै राष्ट्रिय आर्थिक मासिक पत्रिकाले पत्रकारितामार्फत नेपाली अर्थतन्त्रको विकासमा योगदान पुऱ्याएको भन्दै प्रसंशा गरेका थिए ।

यस्तै पत्रिकाले आफ्नो १२ औं वार्षिकोत्सवका अवसरमा विभिन्न क्षेत्रमा रहेर मुलुकको विकास र समृद्धिमा योगदान पुऱ्याउने तथा सामाजिक सेवामा सक्रिय रहेका विभिन्न विशिष्ट व्यक्तित्वहरुलाई सम्मानित गरेको छ । कार्यक्रममा राजधानी राष्ट्रिय दैनिकका सम्पादक सागर पण्डितसहित नेपालका प्रथम गभर्नर हिमालय शमशेर राणा, प्रख्यात लोकगायक कुमार बस्नेत, दिव्यध्वज कार्की, देवीप्रकाश भट्टचन, राजकुमार खड्का,डिएन अधिकारी, प्रद्युमन पोखरेल र इञ्जिनियर ऋषि कोइरालालाई सम्मानित गरिएको छ । आर्थिक मासिक पत्रिकाका प्रधानसम्पादक तथा प्रकाशक पुष्कर बस्नेतले सोही समारोहमा आफ्ना स्वर्गिय पिता तोपबहादुर बस्नेतको नाममा 'तोपबहादुर बस्नेत' स्मृति कोष स्थापनाको घोषणा गरेका छन् ।

# विवेकशील साझाको अध्यक्षमा बास्कोटा र संयोजकमा भट्टराई चयन





**काठमाडौं/मस**-विवेकशील साझा पार्टीले नयाँ नेतृत्व चयन गरेको छ । पार्टीका अध्यक्ष रवीन्द्र मिश्रले गत जेठमा दिएको राजीनामा स्वीकृत गर्दै पार्टीको आइतबार बसेको केन्द्रीय समितिको बैठकले कार्यसम्पादन समिति सदस्य समीक्षा बास्कोटालाई नयाँ अध्यक्ष चयन गरेको हो ।

त्यसै गरी रिक्त संयोजक पदमा कार्यसम्पादन समितिकै अर्का सदस्य सञ्जिववल्लभ भट्टराई चयन भएका छन् ।

विवेकशील साझा पार्टी, बागमती प्रदेशकी पूर्व संयोजक ३८ वर्षीय बास्कोटा गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिकाको मेयरको उम्मेदवार थिइन् । त्यसअघि उनले २०७४ को निर्वाचनमा काठमाडौं क्षेत्र नं १ 'क' बाट प्रदेशसभा सदस्यको उम्मेदवार बनेर २७ प्रतिशत मतसहित तेस्रो स्थान हासिल गरेकी थिइन् । उनले काठमाडौं स्कुल अफ लबाट कानुनमा स्नातक गरेर अमेरिकाबाट कानूनमै स्नातकोत्तर गरेकी छिन् ।

संयोजक चयन भएका केन्द्रीय कार्य सम्पादन समितिका सदस्य भट्टराईले समाजशास्त्र,अर्थशास्त्र र अंग्रेजी भाषामा स्नातक गरेका छन्। ३४ बर्से भट्टराई तत्कालीन विवेकशील नेपाली दलको निर्वाचित नीति सचिव तथा विवेकशील साझा पार्टीको नीति विभाग प्रमुख थिए ।

केन्द्रीय समिति बैठकले निवर्तमान अध्यक्ष रवीन्द्र मिश्रबाट स्थापनादेखि आजसम्म पार्टी निर्माणमा भएको अनवरत त्याग, योगदान तथा समग्र पार्टी पङ्क्तिलाई दिएको प्रेरणाप्रति उच्च सम्मान व्यक्त गर्दै आगामी मार्गमा सफलताको हार्दिक शुभकामना व्यक्त गर्ने निर्णय गरेको छ ।

बैठकले आउँदो मङ्सिर ४ गते हुने संघीय तथा प्रादेशिक निर्वाचनमा भाग लिनका लागि निर्वाचन आयोगमा पार्टी दर्ता गर्ने र त्यसका लागि आवश्यक तयारी थाल्ने पनि निर्णय गरेको छ ।


## Cyprus मा बैदेशिक रोजगारको अवसर

१. कम्पनीः ANOST EMPLOYMENT SERVICE LTD., Ayia Napa, Cyprus

१. पूर्व स्वीकृती मिति २०७९।०४।२९ | चलानी नं. ६०१८५३३३ | LT.No. 269671

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping | 10 | 10 | काममा दक्ष | 970 | १२६,८४५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२. कम्पनीः ANOST EMPLOYMENT SERVICE LTD., Ayia Napa, Cyprus पून विज्ञापन

२. पूर्व स्वीकृती मिति २०७९।०१।०८ | चलानी नं. ६०१७८२०१ | LT.No. 262021

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 04 | - | काममा दक्ष | 900 | ११७,६९०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | तल उल्लेख भए बमोजिम |

अन्तरवार्ता मिति २०७९ भाद्र ६ गते (22 Aug., 2022) मेनपावर कार्यालय सामाखुसीमा हुनेछ ।

लागत खर्च सि.नं. १ Housekeeping को १०,०००।- र सि.नं. २ Cook को ३५,०००।-,

वैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :-१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिका रोजगार विभाग बुद्धनगर, काठमान्डौमा सम्पर्क राख्नु होला ।

**Om Shree Mahashakti Employment Pvt. Ltd.**
Gov. Lic. No. 200/057/058
Samakhushi-26, Town Planning, KTM, Phone:- +977-1-4357662, 9849040279
Email:- radhabudhathoki@hotmail.com, www.osmefw.com

## शुन्य लागत अन्तर्गत मलेशियामा रोजगारी
## EMPLOYMENT IN MALAYSIA UNDER ZERO COST

कम्पनी : प्लेक्स्स् मेनुफ्याक्चरिङ एसडीएन. बिएचडी.
COMPANY: PLEXUS MANUFACTURING SDN. BHD.

ठेगाना : Bayan lepas free industrial zone, phase II, Bayan lepas 11900, Penang, Malaysia
फोन नं. : +(६०) ४६३२१००१ Phone : + (60) 46321001
फ्याक्स : +(६०) ....... Fax : + (60) ......

पूर्व स्वीकृती मिति-२०७९/०४/२६ | लट नम्बरः २६९३२४ | चलानी नम्बर - ६०१८५२१३
Pre-approval Date - 2022/08/11 | LT No. – 269324 | Serial No.:60185213

| कामदारको पद Worker's Position | माग संख्या No. of Demand | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary आर एम RM | ने.रू. NPR | ओभरटाइम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working Hour/Day | हप्तामा काम गर्ने दिन Working Day/Week | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|
| औद्योगिक कामदार Factory Worker | १५० 150 | सो काममा दक्ष Skilled at related work | १५०० 1500 | ४२,९१५ 42,915 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| पासपोर्ट खर्च Passport expense | मेडिकल जाँच शुल्क Medical Checkup Fee | भिषा शुल्क Visa fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च Transport, Lodging & Food during final interview & before departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | श्रम स्विकृती Labour approval | हवाई टिकट शुल्क Air ticket expenses | संस्थाको सेवा शुल्क Agency service charge | जम्मा खर्च Total expenses |
|---|---|---|---|---|---|---|---|---|---|
| नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free |

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

- यो भर्ती मागपत्र शून्य लागत नीति अन्तर्गत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरू (राहदानी, मेडिकल, भिसा, अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च, अभिमुखीकरण, नेपाल र मलेसियामा लाग्ने बिमा, श्रम स्विकृती, हवाई टिकट) रोजगारदाताले वहन गर्दछ । त्यसैले कामदार वा उनीहरूको तर्फबाट म्यानपावर संस्था वा अरु कुनै व्यक्ति कसैलाई पनि कनै शुल्क तिर्न पर्दैन । This recruitment is under zero cost policy. All the expenses (Passport, Medical, Visa, Transport, Lodging, Food during interview & before departure, Orientation, Insurance, Air ticket) including Agency service charge will be borne by the employer. So no fee has to be paid to manpower agency or any other person by the workers or anyone on their behalf.
- यस रोजगारीको लागि हाम्रो कार्यालय वा अरु कसैलाई सेवा शुल्कको सट्टामा कुनै अन्य मूल्यवान वस्तु (उपहार, सुन, गरगहना, गाईवस्तु, फोन आदि) दिन वा दिने बाचा नगर्न अनुरोध गर्दछौं । No other item of value shall begiven or commit to our office or any body in lieu of fees (Gifts, gold, jewelry, livestock, phone etc.)
- तपाईले कसैलाई कुनै शुल्क तिर्न नपर्ने भएकोले, हामी तपाईलाई कुनै पनि एजेन्ट बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईलाई यो पनि स्पष्ट पार्न चाहन्छौं कि हाम्रो संस्थाको कुनै पनि शाखा कार्यालय, जिल्ला प्रतिनिधिको कार्यालय र एजेन्ट र बिचौलिया छैन । Since youdon't have to pay any fees to any body, we request you to contact directly at our office without using any agent/middleman. We also want to clarify you that our organization has no branch offices, district representative and agent/middleman any where.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, बचत कार्यक्रमहरूलाई अनुमति वा स्वीकार गरिने छैन । No bonds, deposits, saving programs are allowed or accepted for this recruitment.
- हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारीमूलक सामग्रीहरू जस्तै फ्लेक्स, ब्यानर, पर्चा आदि पूर्णरूपमा अध्ययन गरी र सो बारे पूर्णरुपमा जानकार हुन अनुरोध गर्दछौं । We request you to fully study & understandjob related informative materials such as flex, banner, leaflet etc. placed at our office premises.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि हाम्रो संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ । Anyone willing to apply for the job must attend our pre-recruitment orientation training session prior to filling the job application form.
- हामी समान अवसर प्रदायक संस्था हौं । त्यसैले उम्मेदवारहरूलाई कुनै पनि प्रकारको भेदभाव बिना उनीहरूको योग्यताको आधारमा मात्र छनोट गरिन्छ । We are Equal opportunity provider. Hence candidates are selected solely based on their competency without any type of discrimination.
- यदि तपाईसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर वा इमेल ठेगाना मार्फत सम्पर्क गर्न सक्नुहुनेछ । तपाईले हामीलाई हाम्रो आधिकारिक फेसबुक पेज (Titanic Manpower Supplier मा पनि सन्देश पठाउन सक्नुहुन्छ ।

+९७७-९८०१००४३४५ | grievance@titanicmanpower.com

If you have any complaints or feedback, please do contact us via the phone number or email address mentioned below. You can also send us your message on our official Facebook page - Titanic Manpower Supplier | +977-9801004345 | grievance@titanicmanpower.com

प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ । (Pre Interview is on Going)
फाईनल अन्तर्वार्ता टाइटानिक अफिस, बसुन्धारा चौकी काठमाडौंमा २०७९ भदौ ६ गतेमा हुनेछ ।
Final Interview Will Be Held On Titanic Office, Basundhara Chauki, Kathmandu 22 August 2022.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

TITANIC Ethical Recruitment Agency Since 2002 | ISO 9001:2015 Certified Recruitment Agency
**टाइटानिक म्यानपावर सप्लायर प्रा.लि.**
**(Titanic Manpower Supplier Pvt. Ltd.)**
इजाजत पत्र नं.:२८५/०५८/०५९ (Licence No. 285/058/059 - 2002 A.D.)
बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu Nepal)
+९७७-१-४९५३२५२, ४९६४६५९ (+977-1-4953252, 4964659)
Email:info@titanicmanpower.com Website:www.titanicmanpower.com

## QATAR मा रोजगार

कम्पनीः CLEMENTS INTERIORS शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७९/०४/२९ | चलानी नं.:६०१८५३३९ | LT. No.: 269442

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 2 | 0 | स. काममा दक्ष | 1100 | ३८,२०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ भदौ ६ गते (22 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Prayas Re-Employment Consultant (Pvt.) Ltd.**
श्रम इजाजत नं. ७६३/०६५/०७६
Way to Gopi Krishna Hall, Opposite to Siddhartha Bank, Chabahill, Saraswati Nagar, Kathmandu
Tel.: 0-4820095/4820074 | Mob:+977 9823841132
Email:prayasroshancv@gmail.com, prayasreemp@gmail.com, info@prayasreemp.np
web.:www.prayasreemp.com.np

## कतारमा रोजगार

कम्पनी : ATHULYA TRADING AND SERVICES शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७९/०४/२७ | चलानी नं.: ६०१८५२४० | LT. No.:269091

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ६ गते (22 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**पंगेनी ह्युमन रिसोर्स प्रा. लि.**
श्रम इजाजत नं. ८१३/०६५/०६६
गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल, फोनः ०१-४९८६६००/४९८६२०४
मो.: ९८१३३५६३८०
Email: pangeni25june2009@yahoo.com, Website: www.panganihumanresource.com

## युएई, कुवेत र कतारमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : EMIRATES TRANSPORT शहर : UAE
पूर्व स्वीकृत मितिः २०७८/१२/२१ | चलानी नं.: ६०१७७३०६ | LT. No.: 260384 | पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Driver Delivery | 174 | 0 | स. काममा दक्ष | 2000 | ६९,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Descon Engineering शहर : ABU DHABI
पूर्व स्वीकृत मितिः २०७९/०३/१२ | चलानी नं.: ६०१८१८५९ | LT. No.:265894 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 22 | 0 | स. काममा दक्ष | 800 | २७,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : REVIVE LADIES BEAUTY SALON AND INSTITUTE शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/०९/२१ | चलानी नं.: ६०१७२१३८ | LT. No.: 255676 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ladies Salon Workers (Medicare/pedicure/nail Worke | 0 | 14 | स. काममा दक्ष | 150 | ६२२०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : MADINA GROUP W.L.L. शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७८/०९/२० | चलानी नं.: ६०१७२०२५ | LT. No.: 255366 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician Gen. | 16 | 0 | स. काममा दक्ष | 1100 | ३७,२४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : ALMANA VENTURES शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७८/०८/२७ | चलानी नं.: ६०१७०३१८ | LT. No.: 253450 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४८,६२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | cleaner | 2 | 0 | | 1000 | ३४,७३० | | | | | | | |
| 3. | Driver | 1 | 0 | | 1400 | ४८,६२२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ६ गते (22 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
(Birad Associates Pvt. Ltd.)
ईजाजत न.: ४०७/०६०/०६१
Sukedhara-4, Kathmandu, Nepal | Tel : 01-4375822, 01-4375824
Mobile: 9847754585, 9808818854, E-mail: cm.birad@gmail.com

## कुवेतमा रोजगारको अवसर

कम्पनी : Aqar International Trading Co शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/१२/३० | चलानी नं.: ६०१७७८९८ | LT. No.: 261691 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 2 | 1 | सम्बन्धित काममा दक्ष | 120 | ४९,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 5 | 0 | | 90 | ३७,३२० | | | | | | | |
| 3. | Cook Chef's Assistant | 1 | 0 | | 120 | ४९,७६० | | | | | | | |
| 4. | Helper | 2 | 0 | | 90 | ३७,३२० | | | | | | | |
| 5. | Pastry Chef's Assistant | 3 | 0 | | 120 | ४९,७६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ भदौ ६ गते (22 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**New S.V. International Pvt. Ltd.**
Lic No.: 426/060/061
House No. 26/35, Prabesh Marga, Maharajgung, Chakrapath, Kathmandu, Nepal
Tel: +977-01-4113575, Mob.: 9818503230/9803013510 E-mail: info@newsvintl.com.np , Web: www.newsvintl.com.np

## फ्रि भिसा, फ्रि टिकट शुन्य लागतमा कतारमा रोजगार

कम्पनी : DANA CLUB शहरः DOHA

पुर्व स्वीकृत मितिः २०७९/०४/२९ | चलानी नं.: ६०१८५३३८ | LT. No.: 269538

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५२,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Clean Worker | 10 | 6 | | 1000 | ३४,७३० | | | | | | | |
| 3. | Waiter | 1 | 2 | | 1400 | ४८,६२२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ६ गते (22 August 2022) मा हुनेछ ।

यसै कम्पनीको लागि Bakery Helper, Bike Rider, Female Cleaner, Kitchen Helper, Housekeeping Attendant ( Male/Female), Continental/Italian/Chinese Cook, Welder, Plumber, Electrician को माग भई आएकोले निःशुल्क परामर्शको लागि मेनपावर कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| नि:शुल्क | नि:शुल्क | नि:शुल्क | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | नि:शुल्क | नि:शुल्क | नि:शुल्क | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लाईफ लाईन ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

३० साउन २०७९, सोमबार
15 August 2022, Monday

# अशुद्ध पानी खान बाध्य पाल्हीनन्दनबासी



**रामकरन हरिजन/मध्यान्ह**
नवलपरासी, २९ साउन

पश्चिम नवलपरासी पाल्हीनन्दन गाउँपालिकामा खानेपानीको ट्याङ्की निर्माण भएको १० वर्ष बित्दा पनि सञ्चालनमा आएको छैन । ट्यांकी सञ्चालनमा नआउँदा स्थानीय अशुद्ध पानी पिउन बाध्य भएका छन् ।

गाउँपालिकाभित्र पर्ने भकसीपुर बेलासपुर पाल्ही विसुणपुरा रजरगञ्ज सनईमा खानेपानी ट्यांकी बनेको २ वर्ष भन्दा बढी भयो । तर अहिलेसम्म कुनै पनि बडामा खानेपानी सञ्चालनमा आएको छैन ।

पाल्हीनन्दन बडा नं २, ३, ४, ५, र ६ मा खानेपानीको ट्यांकी तयार भएको धेरै भयो तर हालसम्म प्रयोगमा आएको छैन । 'जनप्रतिनिधिहरुले प्रत्येक वर्ष बजेट विनियोजन गरी आ-आफ्ना प्रियहरुलाई मात्र गुपचुपमा व्यक्तिगतरुपमा १ सय ५० मिटरको चापाकल दिएका छन् खाने पानी कहिले सप्लाई हुन्छ समितिसंग सोधपुछ गर्दा विभिन्न बहाना बनाई आलटाल गरेका छन्' स्थानीय अनिल मिश्राले भने ।

मिश्राका अनुसार पाल्हीनन्दन वडा नं १ महेशपुरमा धेरै पहिलादेखि खानेपानी सञ्चालनमा रहेको छ तर उक्त पालिकाभित्र पर्ने वडा नं ३ बेलासपुर सशस्त्र प्रहरी बल २६ नं गणको नजिकै रहेको खानेपानी ट्याङ्की र भवन निर्माण भएको १० वर्ष भन्दा बढी भई सक्यो तर हालसम्म प्रयोगमा आएको छैन ।

उक्त खानेपानी सप्लाई गर्नको लागि समितिले ३ जना कर्मचारीहरु भर्ना गरेको छ ।


४५ लाखको परियोजनामा पाईप मात्र ओछ्याइएको छ । खानेपानी सञ्चालन गर्न नसकेपछि उक्त रकमबाट कर्मचारीहरुलाई घरमा बसालेर समितिले तलब खुवाइरहेको छ ।

यहाँका जनताहरु शुद्ध खानेपानी खान नपाएर विभिन्न रोगका सिकार भइरहेका छन् तर पनि स्थानीय सरकार, प्रदेश सरकार लगायतका सम्बन्धित निकायहरु मौन रहेको स्थानीयले गुनासो गरेका छन् ।

शिक्षकबाट अवकाश भएका सुरेश गुप्ता हाल स्थानीय खानेपानी समितिका सचिव पदमा छन् ।

गुप्ताले भने, 'गाउँपालिकाबाट पाइप ओछ्याउन ठेक्का भएको थियो । बजेट कहाँबाट कति थियो र कति काम भएको छ । उक्त विषयमा मलाई केही थाहा छैन । काम चाहि भने कार्यकालमा भएको हो । प्राविधिक समस्याका कारण संचालनमा आएको छैन ।'

# पाँच वर्षदेखि आमा छोराको ओडारमा बास



**जंग रावल/मध्यान्ह**
बाजुरा, २९ साउन

विगत पाँच वर्षदेखि ओडारमा बस्दै आएका आमाछोरालाई प्रहरीले उद्धार गरेको छ । जिल्लाको खप्तड छेडेदह गाउँपालिका १ लुगेनाकी ५५ वर्षीय जलु बुढा र उनका ६ वर्षको छोरा मिन बुढालाई जनप्रतिनिधि र प्रहरीको टोलीले उद्धार गरेको हो । उनीहरु विगत ५ वर्षदेखि घर नजिकै रहेको ओडारमा बस्दै आएका थिए । ओडारमा बस्दै आएको जानकारी पाए लगतै कोडा प्रहरी चौकीले गत शुक्रबार उनीहरुलाई उद्धार गरेर स्वास्थ्य चौकीमा राखेको छ । स्वास्थ्यकर्मीका अनुसार उनीहरु दुवैजना कुपोषित बनेका छन् ।

ओडारमा बस्दा उनीहरुले पानी घट्टबाट पिठो संकलन गरेर ल्याउने र त्यसैको खोले बनाएर खाँदै गुजारा चलाउने गरेका स्थानीयले बताएका छन् । स्थानीयका अनुसार उनीहरुसंग खानेकुरा र लत्ताकपडाको समेत अभाव रहेको थियो ।

जेठी श्रीमतीबाट छोरा नभएको भन्दै स्थानीय भाने बुढाले जलुदेवीसँग विवाह गरेका थिए । उनीहरुका तिन छोरा छन् । १८ वर्षका जेठा छोरा चक्र रोजगारीका लागि छिमेकी मुलुक भारत गएका छन् । १२ वर्षका छोरा कुशल बुवासँग घरमै बस्दै आएका छन् । ६ वर्षीय कान्छा छोरा मीन जलुदेवीसँग ओडारमा बस्दै आएका थिए । उनीहरु बस्ने ओडार घरभन्दा करिब ४०-५० मिटर मात्रै टाढा रहेको छ ।

जेठी श्रीमतीसँग सम्बन्ध राम्रो नभएको र आफूसँग पनि कहिलेकाँही झगडा पर्ने गरेकाले घरमा नबस्ने गरेको उनका श्रीमान् भानेले बताए ।

'एउटै छानामुनी बस्न सक्ने अवस्था नभएपछि कान्छी श्रीमतीलाई अलग्गै घर बनाए राखेको थिएँ' उनले भने । तर उनी त्यो घरमा आगो लगाएर ओडारमै बस्ने गरेकी भाने बुढाको भनाइ छ । मानसिक अवस्था सामान्य नभएको हुँदा घरमा लगेर राख्ने अवस्था नभएको भाने बुढाले बताए ।

खप्तड छेडेदह गाउँपालिकाले जलुदेवीको उद्धारका लागि कोसिस गरेको भए पनि शुरुमा उनी मानेकी थिइनन् । तर प्रहरी र जनप्रतिनिधिहरुको टोलीले उनलाई सम्झाए पछि उनी स्वास्थ्य चौकीमा जान तयार बनेकी हुन् । खप्तड छेडेदह गाउँपालिकाले जलुदेवी र बालकको उपचारको जिम्मा लिएको छ । गाउँपालिका वडा नम्बर १ का वडा अध्यक्ष वीरबहादुर रावलले जलुदेवीलाई गाउँपालिकाले सहयोग गर्ने प्रतिबद्धता जनाए ।


